
# लेखापरीक्षण प्रतिवेदन

# पाल्पा

## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय

### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१ | डिभिजन सडक कार्यालय | ३ |
| ३.२ | जिल्ला बिकास समितिको कार्यालय | ८ |
| ३.३ | उत्तर दक्षिण (कालिगण्डकी) लोकमार्ग योजना | ११ |
| ३.४ | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | १२ |
| ३.५ | जिल्ला प्राबिधिक कार्यालय | १४ |
| ३.६ | सिचाई बिकास डिभिजन कार्यालय | १६ |
| ३.७ | जिल्ला शिक्षा कार्यालय | १८ |
| ३.८ | जिल्ला स्वास्थ्य कार्यालय | २० |
| ३.९ | जिल्ला प्रशासन कार्यालय | २२ |
| ३.१० | जिल्ला प्रहरी कार्यालय | २२ |
| ३.११ | चण्डी प्रसाद गण | २३ |
| ३.१२ | महिला तथा बालबालिका कार्यालय | २३ |
| ३.१३ | रामपुर अस्पताल | २३ |
| ३.१४ | जिल्ला कृषि बिकास कार्यालय | २४ |
| ३.१५ | कारागार कार्यालय | २५ |
| ३.१६ | स्थानीय बिकास कोषको सचिवालय | २५ |
| ३.१८ | पाल्पा अस्पताल बिकास समिति | २६ |
| ३.१९ | त्रिभुवन बहुमुखी क्याम्पस | २६ |
| ४. | आन्तरिक लेखापरीक्षण | २७ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | २९ |
| अनुसूची २ : | बेरुजूको स्थिति | ३१ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | ३३ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | ३४ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था** : संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रवर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम २१ कार्यालयको विस्तृत र २६ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण** : यस जिल्ला स्थित ४७ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.४ अर्ब ८९ करोड ९७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ ।

२. **बेरुजु** : आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

यस वर्ष ३४ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ३४७ र रु.३३ करोड ५७ लाख ३५ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म १८ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका १७३ दफा र रु ७ लाख ५५ हजार मिलान गरि ३४ कार्यालयको दफा १७४ र रु. ३३ करोड ४९ लाख ८० हजार बेरुजू बाँकी रहेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिबेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एबं समायोजन गरी बाँकी दफा संख्या कायम गरिएको छ । लेखापरीक्षणका क्रममा रु. ८१ हजार र प्रतिक्रियाबाट रु.४ लाख ८५ हजार समेत रु. ५ लाख ६६ हजार असुल भएको छ ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु. ३ करोड  ३३ लाख ३० हजार, अनियमित रु.८ करोड ७१ लाख २७ हजार र पेश्की रु. २१ करोड ४५ लाख २३ हजार रहेको छ । यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझाव** : तोकिएको प्रक्रिया अपनाई समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो । प्राप्त अख्तियारी बमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुल उपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको एकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनु पर्नेमा रीत सम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्ति उपर नियमानुसार कारबाही सहित हानि नोक्सानी भएको रकम असुल उपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ।  प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नु पर्दछ ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## डिभिजन सडक कार्यालय

१. **न्यून बजेट खर्च** : बार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी सन्तोषजनक प्रगती हासिल गर्नु पर्नेमा रणनैतिक सडक, पुल निर्माण, यातायात सुरक्षा, अतिक्रमण नियन्त्रण र सिमा सुरक्षा कार्यक्रममा रु.१ करोड १० लाख बजेट बिनियोजन भएकोमा रु.५० लाख १४ हजार खर्च भएको छ । सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गरी शत प्रतिशत बित्तीय तथा भौतिक प्रगती हासिल गर्नु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयको उद्देश्य प्रभाबकारी रुपले हाँसिल गर्ने उद्देश्यले जोखिमहरु न्युनीकरण गर्न कानुनबाटै आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरिएको छ । यस बर्ष संचालित आयोजना/कार्यक्रम मध्ये रु.५ करोड ७० लाखका दुई पुल सहित ७ आयोजनाहरुमा निर्माण व्यवसायीहरुको ढिलाई, कार्यक्रम स्वीकृतिमा ढिलाई, डिजाइन नगरी बजेट बिनियोजन र २ पुलमा डिजाइन परिबर्तन गर्न ढिलाईले शुन्य प्रगती भएको छ । सम्बन्धित सचिव र बिभागीय प्रमुखले अख्तियारी प्राप्त भएको १५ दिन भित्र मातहतका कार्यालयलाई अख्तियारी दिनु पर्नेमा ७ बजेट उप शिर्षकमा रु.१७ करोड १२ लाख ५० हजारको अख्तियारी आषाढ महीनामा पठाएको, जिन्सी निरिक्षण प्रतिबेदनमा उल्लेखित ८० सामानहरुको लिलाम नगरेको, कर्मचरीहरुको भ्रमण तथा सो को खर्चको अभिलेख नराखेको, रु.१० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना नबनाएको, प्रथम चौमासिकमा ठेक्का बन्दोबस्त गरी बर्षभर सन्तुलित रुपले काम गराउनु पर्नेमा कुल खर्च रु.४५ करोड ९६ लाख मध्ये ८० प्रतिशत भुक्तानी तेश्रो चौमासिकमा र सो भुक्तानी मध्ये ४७ प्रतिशत आषाढमा गरेको नदिएको जस्ता व्यहोरा देखिएकाछन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३. **गुणस्तर परीक्षण र मुल्य बृद्धी भुक्तानी** : कालीगण्डकी पुल, गौरीघाटको पुल निर्माण गर्न रु.१५ करोड ११ लाख ७३ हजारमा एक निर्माण व्यवसायीसँग २०७४।१२।२३ भित्र सम्पन्न गर्ने गरी २०७१।८।२४ मा संझौता भई २०७२।७३ सम्म रु.४ करोड ७३ लाख ७३ हजार भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्न छन् ।

३.१. संझौताको दफा ९.१ अनुसार निर्माण व्यवसायीले गुणस्तर परीक्षणको लागि आवश्यक पर्ने सबै सुबिधा उपलव्ध गराउने गरी सो कामको लागि ठेक्कामा रु.१ लाख व्यवस्था गरेपनि साइट निरिक्षण गर्दा निर्माण व्यवसायीले साइटमा ल्याब स्थापना गरेको पाइएन । संझौतानुसार ल्याब सुबिधा उपलव्ध गराउनु पर्दछ ।

३.२. सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ (२) मा निर्माण व्यवसायीले काममा ढिलाइ गरेमा मुल्य बृद्धी नदिने उल्लेख छ । समय नियन्त्रणको लागि ठेकेदारले कार्यतालिका पेश गरी सोही अनुसार काम गर्नु पर्ने भएपनि शुरुमा कार्यतालिका पेश गरेको, त्यसलाई अद्यावधिक गर्ने व्यवस्था संझौतामा नराखी कार्यतालीका अद्यावधिक समेत गरिएको छैन । डिजाइन एण्ड बिल्ट प्रक्रिया बाट निर्माण भई रहेको यो ठेक्का निश्चित अंक र निश्चित समयमा आधारित ठेक्का हो । यस्तो ठेक्का संझौतामा मुल्य बृद्धी दिने व्यवस्था राख्नु औचित्यपूर्ण छैन । यस्तो अवस्थामा मु.अ.कर बाहेक रु.१९ लाख ५२ हजार मुल्य बृद्धी भुक्तानी दिएको छ । शुरुको कार्यतालिका अनुसार १८ महिना भित्र पुरा गर्नुपर्ने सवस्ट्रक्चर मध्ये २ सवस्ट्रक्चरको निर्माण बाँकि रहेको स्थलगत निरिक्षणबाट देखियो । सोहि कार्यतालिका अनुसार हाल सम्म दुई तिहाई नदी नियन्त्रणको काम भइसक्नु पर्नेमा शुरु नै भएको छैन । आफैले पेश गरेको कार्यतालिका अनुसार काम नगर्ने निर्माण व्यवसायीलाई माथिको व्यवस्था अनुसार मुल्य बृद्धि भुक्तानी दिन नमिल्ने भएकोले भुक्तानी भएको उक्त रकम ठेकेदारबाट असुल गर्नु पर्दछ ।

४. **पुल निर्माण शुरु नभएको** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क (६) अनुसार निर्माण व्यवसायीले काम नगरेमा पेश्की जमानी जफत गरी पेश्की रकम असुल गर्नु पर्ने व्यवस्था छ। त्यसैगरी संझौता पश्चात तुरुन्त साइटमा मोबिलाईजेशन गर्न चाहिने उपकरण र सामाग्रीहरु व्यवस्थापन गर्न पेश्की दिइने पनि उल्लेख छ। रु.८ करोड ७ लाख ९३ हजारमा कचल पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७२।९।९ मा संझौता भएकोमा संझौता भएको १३ महिना अर्थात २०७३ माघ सम्म काम शुरु गरेको छैन। कार्य सम्पन्न हुने मितिले १३ महिनाको बैंक जमानत लिई मोबिलाइजेसन पेश्की भुक्तानी दिनु पर्नेमा २०७३।५।८ मा एक महीना भन्दा कम अवधीको बैंक जमानतको आधारमा रु.५० लाख मोबिलाईजेशन पेश्की दिएकोमा सो जमानतको म्याद समाप्त भए पनि थप गरेको छैन। जमानतको म्याद थप तथा पेश्की लिएको ६ महिनामा काम शुरु नगर्ने उपर कारबाही गर्नु पर्दछ।

५. **त्रुटीपूर्ण डिजाइन** : एक परामर्शदाताले तयार गरेको डिजाइनको आधारमा चापाकोट स्थित कालीगण्डकी पुल निर्माण गर्न रु.१४ करोड १० लाख ११ हजारमा निर्माण व्यवसायीसँग २०६८।३।३२ मा संझौता भई २०७२।७३ सम्म रु.४ करोड ६४ लाख ४८ हजार भुक्तानी दिएकोमा निम्न व्यहोरा देखिएका छन् :

५.१. परामर्शदाताले तयार गरेको वेल फाउण्डेसन डिजाइन अनुसार काम शुरु भए पछि ढुंगा भेटिएको उल्लेख गरी ठेकेदारले रु.१ लाख २५ हजारमा पुनः ओपन फाउण्डेसन डिजाइन गराए पनि पुनः काम शुरु गर्दा ढुंगा नभेटिएको कारण देखाई अर्को परामर्शदाता बाट पाईल फाउण्डेसनको डिजाइन गराई कार्यालयमा पेश गरेकोमा स्वीकृत भएको छैन। सडक बिभागबाट प्राप्त पत्रानुसार रु.३ लाख ४० हजारमा डिजाइन गरिएकोले यो लागतमा कालीगण्डकीको पानी डाइभर्सन गरी नदीको बिच भागमा बोरहोल गर्न सम्भव देखिदैन। यस अवस्थामा पहिलो परामर्शदाताले नदीको बिच भागमा दुई पायरको बोर होल नगरी छेउछाउमा एबुटमेण्टको लागि गरिएको बोर होलको आधारमा डिजाइन गरेको तर बीच भागको जमिनको अवस्था एबुटमेण्टको भन्दा फरक पर्न गई डिजाइन त्रुटीपूर्ण हुन गएको देखिन्छ। पहिलो पटकको डिजाइन परिबर्तनबाट ठेक्का लागत २.८७ प्रतिशतले रु.३५ लाख ८१ हजार बृद्धी हुने देखाएको छ। पुनः डिजाइन परिबर्तन भएकोले लागतमा थप बृद्धि हुन जाने देखिन्छ। डिजाइन गलत हुनुको कारण सोधनी गर्दा डिजाइनरले असावधानीबस डिजाइन गलत भएको स्वीकार गरे पनि उसलाई कुनै कारबाही गरेको देखिएन। दक्ष व्यक्तिबाट डिजाइन नगराईएको कारण डिजाइन त्रुटीपूर्ण भएको र सडक बिभाग तथा यस कार्यालयले समयमै डिजाइन परिबर्तन नगर्दा पुल निर्माण कार्य बिगत दुई बर्ष देखि बन्द छ। उपयुक्त डिजाइन गरी अधुरो काम पूरा गर्नु पर्दछ।

५.२. त्रुटीपूर्ण डिजाइन भएपछि निजलाई जिम्मेवार बनाई पुनः डिजाइन गर्न लगाउने वा भुक्तानी भएको रकम असुल गरी दक्ष व्यक्तिबाट डिजाइन गराउनु पर्नेमा दुबै काम नगरी निर्माण व्यवसायीले अर्को एक परामर्शदाताबाट रु. १ लाख २५ हजार ठेक्काबाटै भुक्तानी गरी गराएको डिजाइन पनि त्रुटीपूर्ण हुन गएको छ। त्रुटीपूर्ण डिजाइनरलाई भुक्तानी दिएको सो रकम असुल गर्नु पर्दछ।

६. **म्यादथप** : कालीगण्डकी पुल, दामाचौरको रु.१७ करोड ७१ लाख ९९ हजारमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६८।३।२६ मा संझौता भएको थियो। २०७१।३।२५ भित्र सम्पन्न गर्ने गरी संझौता भएकोमा २०७२।३।२५ सम्म म्याद थप भई पाँचौ रनिङ्ग बिल सम्म रु.६ करोड ९१ लाख ७७ हजार भुक्तानी भएको देखिन्छ।

६.१. एक परामर्शदाताले वेल फाउण्डेसनमा डिजाइन गरेको सो पुलको बिचमा पर्ने दुई पायरहरुको बेश खन्ने क्रममा ६ मिटरमा ढुंगा भेटिन गई थप खन्न नसकिएको कारण देखाई निर्माण व्यवसायीको निबेदनको आधारमा डिजाइन पुनरावलोकन गर्न सडक बिभागमा २०७०।११।१ फाईल पठाएकोमा अनुसन्धान गरी अघि बढ्न र अर्को एक फाइल बाट २०७१।८।१४ मा डिजाइन

पुनरावलोकनको बिकल्प खोज्ने निर्देशन दिई फिर्ता पठाएको छ। यसबाट डिजाइन परिबर्तन का बिषयमा सडक बिभागले समयमा निर्णय गर्न सकेको देखिएन । हाल अर्को परामर्शदाताबाट डिजाइन पुनरावलोकन गराए पनि स्वीकृतीको प्रकृया अघि बढाएका छैन । गलत डिजाइन गर्ने परामर्शदातालाई कुनै कारबाही नगरिनु र करीब तीन बर्षको अवधिमा समेत डिजाइन पुनरावलोकन नगर्नुले पुल निर्माणमा थप ढिलाई हुनगएको छ ।

६.२. सार्बजनिक खरिद ऐन २०६३ को दफा ६३ को उपदफा (१) (ग) अनुसार संझौताको दायित्व सारभूत रुपमा पालना नगरेमा कालो सुचीमा राख्नु पर्दछ । कालीगण्डकी पुल चापाकोट र दामाचौरको गलत डिजाइन गरेकोले उक्त दुई पुल डिजाइनको लागि मु.अ.कर बाहेक भुक्तानी दिएको रु.६ लाख ८० हजार असुल गरी कालो सुचीमा राख्नु पर्दछ ।

७. **प्रारम्भिक वातावरणीय परीक्षण** : वातावरण संरक्षण नियमावली २०५४ को नियम ३ ले पुल, जिल्ला स्तरीय तथा सहरी सडकहरु निर्माण गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । सो व्यवस्था अनुसार सडक तथा पुलहरुको निर्माण शुरु गर्नु अघि नै प्रारम्भिक वातावरणीय परीक्षण गराई पुल तथा सडक निर्माणको ठेक्का गर्नु पर्नेमा ४ पुल तथा सडकको रु.१४ लाखको उक्त काम नगरेकै अवस्थामा ठेकेदारबाट गराउने गरी ठेक्कामा राखेको छ । ठेकेदारहरुले सो काम नगरी सडक तथा पुल निर्माणको काम शुरु गरेका छन् । यसले सो कामको लागि कार्यालय र सडक बिभाग जिम्मेवार बन्न सकेको देखिएन । बिस्तृत सम्भाव्यता अध्ययन तथा डिजाइन चरणमा नै उक्त काम सम्पन्न गरी ठेक्का व्यवस्था गर्नु पर्दछ ।

८. **पुलको आवश्यकता एवं संरक्षण** : स्थानीय आवश्यकता र लागत प्रभावकारीता समेत बिचार गरी पुल निर्माण गर्नु पर्दछ । स्थलगत निरीक्षण गर्दा पाल्पा रामपूरको केलादीघाट देखि चापाकोट सम्म प्रति पुल करीब रु. १५ करोड वा सो भन्दा बढीका करीब १० कि.मी.को दुरीमा निर्माणधीन र निर्मित समेत ४ पुल रहेका छन् । तर पुल निर्माण गर्ने पहुँच मार्गको अभाव रहेकोले बिद्यमान मोटर बाटो सम्म पुलहरु जोडिएका छैनन् । कालीगण्डकी नदीको वारीपारी पर्याप्त सडक संजाल निर्माण गरेमा सो खण्डमा एक वा दुई पुल पनि पर्याप्त हुने पक्षलाई बिचार नगरी सम्भाव्यता अध्ययन र वातावरणीय परीक्षण बेगर बजेट बिनियोजन गरि पुल निर्माण गरेको छ । नियमका व्यवस्थाहरु र स्थानीय आवश्यकतालाई ध्यानमा राखि पुलको संख्या निर्धारण गर्नु पर्दछ । बिगतमा निर्माण सम्पन्न भएको एक लेनको केलादीघाट पुलको पहुच मार्ग हाल सम्म पनि कच्ची अवस्थामा रहेको र ड्रेनेज प्रणाली नभएकोले बर्षातमा पुललाई क्षति पुर्‍याउन सक्ने अवस्था छ । यसको पर्याप्त संरक्षण गर्नुपर्दछ ।

९. **काममा ढिलाइ** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क (६) अनुसार निर्माण व्यवसायीले लिएको मोबिलाईजेशन पेश्की सम्बन्धित काममा प्रयोग नभएमा अग्रिम पेश्की जमानी जफत गरी बाँकी मोबिलाइजेशन पेश्की असुल गर्ने, निर्माण व्यवसायीको कारणबाट ढिलाई भएमा संझौताको दफा ४८.१ मा हर्जाना लगाउने र दफा ६३ (१) (ग) अनुसार निर्माण व्यवसायीले संझौताको दायीत्व सारभूत रुपमा पालना नगरेको अवस्थामा कालो सुचीमा समेत राख्नु व्यवस्था छ । सि.जी. सिमेन्ट पहुँच मार्ग निर्माणको लागि निर्माण व्यवसायी सँग २०६८ र २०६९ सालमा रु.३ करोड ७२ लाख ८९ हजारमा दुइ ठेक्का संझौता भएकोमा हाल सम्म रु. ३ करोड ६२ लाख १९ हजार भुक्तानी भएको छ । शुरुमा १५ महिनाको समय दिएकोमा म्याद थप समेत ४ बर्षको अवधीमा पनि यी ठेक्काहरुको काम अधुरो रहेको छ । २०७१।७२ मा बजेट नआएको र भुकम्पको कारणले काम गर्न नसकेको जवाफ दिइए पनि तत्पश्चात पनि ठेकेदारले कार्य नगरेको र म्याद थप पनि नभएकोले पहिले कट्टा गरेको पेश्की कटाई बाँकी रहने रु.३० लाख ६२ हजार असुल गरी संझौताको दायीत्व सारभूत रुपमा पालना नगरेकोले कालो सुचीमा समेत राख्नु पर्दछ ।

**१०. समन्वय** : ४८ किलोमिटर लामो आर्यभंज्याङ - रामपूर सडकमा रु. ११ करोड ७७ लाख ७१ हजारका ७ ठेक्काहरु चालु अवस्थामा रहेका छन् । ठे.नं.०३१/२०७१/७२ बाट सडकका बिभिन्न स्थनमा संरचना र ड्रेन निर्माण गर्न रु.२५ लाख ५० हजारमा ठेक्का दिएकोमा निर्माण व्यवसायीले सो बर्ष काम नगरी २०७२।७३ मा रु.१३ लाख ८६ हजारको काम गरेको छ । स्थलगत निरिक्षण गर्दा हाल सो ठेक्काको काम नभई अधुरो रहेकै अवस्थामा सोही सडकको आर्यभञ्ज्याङ - ताहुँ खण्डमा रिसिलिङ्ग गर्न रु. २ करोड २१ लाखको एक आवधीक ठेक्का लगाएकोले यस ठेक्काको काम समेत प्रभावित भएको छ । त्यसैगरी ३४ देखि ४८ किलोमिटर सम्मको रामपूर खण्डमा सडक चौडा पार्न रु. ७ करोड ७४ लाखको ठेक्का तथा मर्मत गर्ने अन्य ठेक्का समेत लगाएकोले उक्त ठेक्काको काम निष्क्रीय भएको छ । ठेक्काको काम पुरा गराउने तर्फ कुनै कारबाही गरेको छैन । ठेक्काहरु बिच समन्वय ल्याई तोकिएको समयमा कार्य सम्पन्न गर्ने गरी ठेक्का व्यवस्थापन गर्नु पर्दछ ।

**११. बिमा शुल्क असुली** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क (६) अनुसार निर्माण व्यवसायीलाई दिएको मोबिलाइजेशन पेश्की सम्बन्धित काममा प्रयोग नभएमा पेश्की जमानत जफत गर्ने व्यवस्था छ । सर्बोत्तम सिमेन्ट खानी मार्गको एक खण्ड निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.२ करोड ७१ लाख ६७ हजारमा २०७२।९।६ मा संझौता भएकोमा २०७२।७३ को ७ महिना सम्म आफैले पेश गरेको कार्य तालीका बिपरीत कुनै पनि काम गरेको छैन । संझौता गरेको एक महिना पछि काम शुरु गर्ने गरी रु.२४ लाख मोबिलाइजेशन पेश्की दिएकोमा सम्बन्धित काममा यसको उपयोग नगरेकोले समयमा नै निर्माण कार्य गराउनु पर्दछ अन्यथा जमानत जफत गरी पेश्की रकम असुल गर्नु पर्दछ ।

निर्माण व्यवसायलाई रनिङ बिल भुक्तानी गर्दा बिमाको लागि प्रोभिजन गरेको रु.१ लाख मध्ये बिमा खर्च रु.५० हजार भुक्तानी दिएकोमा २०१७।१।१० मा मात्र बिमा गरेको प्रमाण पेश भएकोले समानुपातिक रुपमा उक्त मिति भन्दा अघिको ठेक्का अवधीको बिमा खर्च रु. ३० हजार असुल गर्नु पर्दछ ।

**१२. ढिलाई** : सडक मर्मत गर्न एक निर्माण व्यवसायीसँग रु.२४ लाख ४८ हजारका ४ ठेक्का संझौता गरेकोमा संझौता भएको मितिले ३ बर्ष सम्म पनि निर्माण व्यवसायीले काम शुरु नगरेकोले सार्वजनिक खरिद ऐन २०६३ को ५९ (३) (ख) अनुसार ठेक्का तोडी कार्य सम्पादन जमानत रु. २ लाख ३४ हजार जफत गरी काम गर्न लाग्ने रकम असुलीका साथै दफा ६३ (१) (ग) अनुसार कालो सुचीमा समेत राख्नु पर्दछ ।

सि.जी.सिमेन्ट उद्योगको खानी सम्म जाने पहुँच सडक निर्माण गर्न एक निर्माण व्यवसायीसँग भएको सम्झौतामा बिमाको लागि गरेपछि संझौता व्यवस्था गरेको रु. १ लाख भुक्तानी दिनु पर्नेमा बिमा नगर्दै भुक्तानी दिएको तर निर्माण व्यवसायीले भुक्तानी प्राप्त गरेपछि २०७३।२।९ मा बिमा गरेको प्रमाण पेश गरेकोले बिमा नगरेको अवधीको बिमा खर्च रु. ५० हजार असुल गर्नु पर्दछ ।

माडीफाँट रिंगरोड निर्माण गर्न एक निर्माण व्यवसायीसंग रु.६ करोड २ लाखमा मिति २०७२।११।१० मा संझौता भएको थियो । काम शुरु भएको १२ महिना (५०%) मा रु.४५ लाख ८४ हजार (८%) को मात्र काम गरेको छ । ठेकेदारलाई कार्यालयले ताकेता वा अन्य कुनै कारवाही गरेको देखिएन ।

**१३. भेरियसन** : सार्बजनिक खरिद ऐन २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा पूर्वानुमान गर्न नसकिने कामको लागि प्राबिधिक पुष्ट्याई सहित भेरिएसन स्वीकृत गर्न सकिने

उल्लेख छ । रु.४ करोड ७८ लाखको झडेवा-सुनवल सडकमा रु.२३ लाख ६४ हजार र रु. ४ करोड ७३ लाखको सालझण्डी- सुंगुरेढुंगा सडकमा रु.२३ लाख ९ हजारको काम भेरिएसनबाट थप गरी गरेको छ । माटो काट्ने, ग्राभेल गर्ने आदी कामहरु थप गर्ने निर्णय गर्दा पुर्वानुमान गर्न नसकिने व्यहोरा र प्राबिधिक पुष्ट्याई समेत खुलाएको छैन । नियमको प्रक्रिया पूरा गरेर मात्र भेरिएसन गर्नु पर्दछ ।

१४. **बिमा थप तथा गुणस्तर परीक्षण** : बुटवल-दोभान-तानसेन सडक पुनर्स्थापना गर्न रु.६ करोड १८ लाख ४४ हजारमा एक निर्माण व्यवसायीसंग २०७१।२।१४ मा संझौता भएको थियो । उक्त काम २०७३।१२।१३ भित्र सम्पन्न गर्नु पर्नेमा ठेक्काको म्याद करीब ४५ दिन बाँकी रहँदा सम्म ठेकेदारले रु.३ करोड ७३ लाख ९ हजार (६०%) मात्र काम गरेको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् ।

१४.१. निर्माण व्यवसायीलाई विमाको लागि रु.२ लाख भुक्तानी दिएकोमा २०७३।२।२१ देखि त्यसको म्याद समाप्त भएकोले भुक्तानी गरेको रकमबाट विमा निरन्तर नभएको र काममा अत्याधिक ढिलाई समेत गरेकोले सो रकम असुल हुनु पर्दछ ।

१४.२. संझौता अनुसार सिमेन्ट, डण्डी, बालुवा, माटो, गिट्टी आदीको गुणस्तर परीक्षण गराउने जिम्मेवारी निर्माण व्यवसायीकै भएकोमा परीक्षण गराएको छैन ।

१४.३. मोविलाइजेशन पेश्की रु.५४ लाख ७० हजार भुक्तानी दिएकोमा पेश्की जमानीको म्याद २०७२।९।८ मा समाप्त भएको छ । बैंक जमानत रकम पठाइदिन डिभिजनले २०७२।३।२९ मा वैंकलाई पत्र पठाएकोमा बैकले रकम पठाएको नदेखिदा थप प्रयास गरी पेश्की रकम असुल गर्नु पर्दछ ।

१४.४. संझौताको दफा ४८.१ अनुसार निर्माण व्यवसायीले काममा ढिलाई गरेमा ठेक्का अंकको १० प्रतिशत सम्म पूर्ब निर्धारित क्षतिपूर्ति असुल गर्न सक्ने व्यवस्था छ । निर्माण व्यवसायीको काम सन्तोषजनक नभई कार्यालयले तीन पटक पत्राचार गर्दा पनि निर्माण व्यवसायीले काम सुचारु नगरेको, सम्पर्कमा नरहेको, ठेकेदारसँग जनशक्ति र मेसिन नभएको, बाटोको अवस्था नाजुक रहेको व्यहोरा उल्लेख गरी पत्र पठाएकोमा तत्पश्चात पनि सुधार भएको नदेखिएको र हाल पनि साइटमा उचित मोबिलाइजेशन नभएकोले निर्माण व्यवसायीकै कारणबाट ढिलाइ भएको हुदा संझौताको उक्त व्यवस्था अनुसार ठेक्का अंकको १० प्रतिशतले हुने रु.५४ लाख ७३ हजार पूर्ब निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्दछ ।

१५. **कन्टीन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० (७) अनुसार कन्टीन्जेन्सीबाट लागत अनुमानको २.५ प्रतिशत वर्क चार्ट स्टाफ र २.५ प्रतिशत अन्य साना तिना खर्च गरी ५ प्रतिशत सम्म खर्च गर्न पाउने व्यवस्था छ । सो व्यवस्था अनुसार यस बर्ष कार्यालयले खर्चको ३.४९ प्रतिशतले हुने रु. १ करोड ६९ लाख २२ हजार कन्टीन्जेन्सी खर्च गरेको छ । यसमा सडक विभाग पठाएको रु. ३५ लाख समेत पर्दछ । वर्क चार्ट तथा अन्य साना तिना खर्च अन्तर्गत पर्ने खर्चहरुको ब्याख्या एबं परभाषा नगरी मर्मत, ज्याला, भ्रमण खर्च र इन्धन आदीमा खर्च गर्ने गरेको पाइन्छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिति २०७३।३।२६ मा कन्टीन्जेन्सीको कार्यबिधि तर्जुमा गर्ने प्रतिबद्धता व्यक्त गरेकोमा हाल सम्म तर्जुमा नगरेकोले कन्टीन्जेन्सी खर्च नियमित र व्यवस्थित गर्नु पर्ने देखिन्छ ।

१६. **पेश्की बाँकी** : बिभिन्न १९ ठेक्काका निर्माण व्यवसायीहरुलाई मोबिलाइजेशन पेश्की भुक्तानी दिएको रु. ८ करोड ६७ लाख ८३ हजार २०७३ आषाढ सम्म फछ्र्यौट हुन बाँकी देखिएकोले संझौताको व्यवस्था अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

# जिल्ला बिकास समितिको कार्यालय

१. **न्यून बजेट खर्च** : स्थानीय स्तरका सडक तथा पुल कार्यक्रममा रु.२ करोड ५० लाख बजेट बिनियोजन भएकोमा निर्माण व्यवसायीको कमजोर कार्य सम्पादनको कारणले २७ प्रतिशत अर्थात रु.६७ लाख ११ हजार खर्च भएको छ । ठेक्का संझौतामा हर्जाना लगाउने, जमानी जफत गर्ने आदी व्यवस्थालाई क्रियासिल पारी निर्माण व्यवसायीहरुको कार्य सम्पादन स्तर बढाउनु पर्दछ ।

२. **आन्तरीक नियन्त्रण व्यवस्था** : यो बर्ष निकायले देहायको कानुनको परिपालना गरेको छैन । कानुनको परिपालना नगरेको कारणले आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको छैन । कानुनको परिपालना गरी आन्तरीक नियन्त्रण प्रणालीको यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन र सेवा प्रबाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५५ मा जिल्ला बिकास समितिले उठाएको आम्दानीको २५ प्रतिशत प्रशासनिक खर्च गर्न पाउने व्यवस्था छ । यस कार्यालयले यस आ.ब.मा रु. २ करोड १४ लाख ३० हजार आम्दानी गरी २५ प्रतिशतले हुने रु.५३ लाख ५७ हजार प्रशासनिक खर्च गर्न पाउनेमा रु.७६ लाख ७ हजार खर्च गरेकोले रु.२२ लाख ५० हजार बढी खर्च गरेको छ । प्रशासनिक खर्च नियन्त्रण गरी सिमा भित्र राख्नु पर्दछ ।
- स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१) को अनसुची-श बमोजिम व्यक्तिगत धरौटी खाता राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले धरौटी लेखा राख्न प्रयोगमा ल्याएको सफ्टवेयरमा ब्यक्तिगत धरौटी खाता राख्ने व्यवस्था नभएकोले धरौटीको लेखा अधुरो रहन गएको छ । डाटा व्यकअपको व्यवस्था समेत नभएको र सो सफ्टवेयरमा एउटै प्रयोगकर्ताले डाटा प्रबिष्टी गर्ने र सच्याउने काम समेत गर्न सक्ने व्यवस्था भएको अवस्थामा आन्तरीक नियन्त्रण पक्ष कमजोर रहन गएको छ ।
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ३३(६) अनुसार स्थानीय निकायले आफ्ना कार्यक्रम वा आयोजनाहरुको सुपरिवेक्षण तथा अनुगमन गरी दफा ३४ अनुसार तयार गरेको प्रगति प्रतिवेदन माथि समिक्षा र परिषदमा छलफल गरी सम्बन्धित मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ । तर कार्यालयले कार्ययोजना/कार्यतालिका बनाई आफ्ना कार्यक्रम तथा आयोजनाहरुको सुपरिवेक्षण तथा अनुगमन नियमित रुपमा गरेको देखिएन । नियमित अनुगमन बिना आयोजनाहरुको सफल कार्यान्वयन नहुने हुदा यसलाई प्रभावकारी पार्नु पर्दछ ।
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ११ (२) मा आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट जिल्ला विकास समितिले पाँच लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नपाइने व्यवस्था भएकोमा सो भन्दा कम रकमका ३ योजना छनौट र संचालन गरेको छ । उक्त कार्यबिधिको व्यवस्था पालन गर्नु पर्दछ ।
- आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ५० अनुसार जिन्सी निरिक्षण प्रतिबेदनमा उल्लेखित सामानहरुको लिलाम, मर्मत, संभार गर्ने र मुल्य खुलाउने कार्य गरेको छैन ।
- सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि २०६९ को दफा २३ अनुसार जिल्ला बिकास समितिको कार्यालयले सामाजिक सुरक्षा जिल्ला समन्वय समितिसँग समन्वय गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयाको निरिक्षण तथा अनुगमन गर्ने व्यवस्था भएकोमा सो अनुसार भए गरेको नदेखिएकोले सुधार गर्नु पर्दछ

३. **पूर्ब निर्धारित क्षतिपूर्ति** : संझौताको दफा ४८.१ अनुसार ठेकेदारको ढिलाइको कारणले समयमा काम सम्पन्न नभएमा ठेकेदारलाई १० प्रतिशत सम्म पूर्ब निर्धारित क्षतिपूर्ति लगाउन सक्ने व्यवस्था छ। स्थानीय स्तरका सडक तथा पुलहरु कार्यक्रम अन्तर्गत निर्माण व्यावसायीसँग रु. १ करोड २९ लाख ९६ हजारमा हरिआँप खोला पुल निर्माण गर्न २०६८।१२।१५ मा संझौता भइ २०७०।३।२७ मा कार्य सम्पन्न गर्नु पर्नेमा २०७१ पौष सम्म दुई पटक हर्जाना नलाग्ने गरी म्याद थप भए पनि निर्माण व्यवसायीले हाल सम्म रु. ८० लाख ४६ हजारको मात्र काम गरेकोले ढिलाई भएको हुँदा उक्त व्यवस्था अनुसार १० प्रतिशतले रु. ११ लाख ५० हजार पूर्ब निर्धारित क्षतिपूर्ति लगाई असुल गर्नु पर्दछ।

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ तथा संझौताको दफा ७७ अनुसार निर्माण व्यवसायीले संझौताको दायीत्व सारभूत रुपमा पालन नगरेकोले ठेकेदारलाई कालो सुचीमा राख्ने कारबाही चलाई सोही ऐनको दफा ५२ (क) (६) अनुसार पेश्की रकमको उपयोग ठेक्काको काममा संझौतानुसार नगरी हालसम्म पेश्की बाँकी राखेकोले पेश्की जमानी जफत गरी रु. १० लाख २५ हजार मोबिलाइजेशन पेश्की असुल गर्नु पर्दछ।

४. **झोलुङ्गे पुल निर्माण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (५) (झ) मा जटिल प्राबिधिक पक्ष भएको र मेसीन तथा औजार चाहिने काम उपभोक्ता समितिबाट गराउन नहुने उल्लेख छ। प्राबिधिक तथा लागतको दृष्टीकोणले झोलुङ्गे पुलको निर्माण ठेक्काबाट गर्नु पर्नेमा यस बर्ष रु. ३१ लाख ७३ हजारको फेब्रिकेसन सामान जिल्ला बिकास समिति आफैले खरिद गरी एक गैर सरकारी संस्थाको प्राबिधिक सहयोगमा २०७३।७४ मा उपभोक्ता समितिबाट रु. ५७ लाख ८० हजारमा ५ झोलुङ्गे पुल निर्माण गरेको छ। सामान खरिद, निर्माण र प्राबिधिक सहयोग समेत तीन पक्षको संलग्नता निर्माण गर्दा उपभोक्ता समितिको भूमिका नभएकोले ठेक्काबाट निर्माण गर्नु पर्दछ।

कार्यालयले सोही नियम बिपरीत हुने गरी ४ मोटर बाटोहरु उपभोक्ता समितिबाट गराइ रु. ११ करोड ४५ लाख भुक्तानी दिएको छ। रक कटिङ्ग गर्नु पर्ने ती सडकमा रक कटिङ्ग गर्न चाहिने उपकरण तथा बिष्पोटक पदार्थ उपभोक्ता समिति आफैले प्रयोग तथा परिचालन गर्न नसक्ने अवस्थामा समेत उपभोक्ता समितिबाट काम गराएकोले उक्त नियमको पालना गर्नु पर्दछ।

५. **निर्माण कार्यमा ढिला** : निर्माण व्यावसायीले संझौतामा तोकिएको समयभित्र कार्य सम्पन्न गर्नु पर्दछ। स्थानीय यातायात पूर्वाधार क्षेत्र बिकास कार्यक्रम अन्तर्गत गोठादी खोला पुल निर्माण गर्न रु. १ करोड ९९ लाख ८८ हजारमा एक निर्माण व्यावसायीसँग २०७२।३।१६ मा संझौता भएको थियो। २०७३ भाद्र भित्र सम्पन्न गर्नु पर्नेमा २०७३ माघ सम्म रु. ६९ लाख २७ हजार (३५%) को काम भएको छ। बजेट अभावमा कम काम भएको जानकारी प्राप्त भयो। तर निर्माण व्यवसायीले काम सम्पन्न गरेर भुक्तानी माग गर्नु पर्दछ।

एक निर्माण व्यवसावीसँग रु.२ करोड ६२ लाख ६३ हजारमा पूर्व खोला पुल निर्माण गर्न २०७२।३।२३ मा संझौता भएकोमा सम्पन्न गर्नु पर्ने १५ महिनाको अवधी समाप्त भइ सक्दा ३३ प्रतिशत (रु.८८ लाख १९ हजार ) को मात्र काम गरेको छ। म्याद समाप्त भइ सकेकोमा थप भएको छैन। २०७३ आषाढ पछि पेश्की जमानीको म्याद समाप्त भएकोमा पुन थप गरेको पाइएन।

६. **कार्य क्षेत्र बाहिरको काम** : निर्बाचन क्षेत्र पूर्वाधार बिशेष कार्यक्रम संचालन नियमावली २०७१ को नियम ४ (१) मा तोकिएका कार्यमा यस कार्यक्रमको बजेट खर्च गर्नु पर्नेमा त्यस बाहेकका सहकारी कार्यालय व्यवस्थापन, सहकारी संस्थाको कार्यालय भवन निर्माण, क्रिश्चियनहरुको

दाहसंस्कार स्थलमा घेराबार, मन्दिर जाने सडक निर्माण आदी सात काम गराई रु. १७ लाख २५ हजार खर्च गरेको छ। निर्देशिकाको परिधि भित्र रही खर्च गर्नु पर्दछ।

साथै कार्यालयले खरिद गरेका समानहरु उद्धेश्य अनुरुप समयमै बितरण गर्नु पर्दछ। बिद्युत रोयल्टी शिर्षकबाट ग्रामिण बिद्युतीकरणका लागि २०७१।७२ मा रु.४३ लाख ५७ हजारमा २३२ थान काठका बिद्युत पोलहरु खरिद गरिएकोमा २०७३ माघ सम्म रु. २२ लाख ३५ हजारका ११९ थान पोलहरु वितरण गर्न बाकी देखिन्छ। ती पोलहरु वितरण गरी बिद्युतीकरणको काम गराउनु पर्दछ।

७. **भवन निर्माणमा ढिलाई** : भारतीय सहयोगमा लक्ष्मी उच्च मा.बि. भवन निर्माण गर्न निर्माण व्यवसायीसँग रु. ४ करोड ४६ लाख ८१ हजारमा २०७२।०५।२१ मा ठेक्का भएको थियो। २०७३ मंसिर भित्र सम्पन्न गर्नु पर्नेमा २०७३ माघ सम्म रु.१ करोड ३३ लाख भुक्तानी भई काम अधुरो रहेको छ। ठेक्का सम्पन्न गर्नु पर्ने अवधीमा ३० प्रतिशत मात्र काम गरेकोले म्याद थप गर्दा संझौतानुसार हर्जाना लगाउनु पर्दछ।

८. **ठेक्काको काम प्रारम्भ** : चिलाङदी-चापपानी-राम्दी बाटो मर्मत गर्न एक निर्माण व्यवासीसग रु.४ लाख ८३ हजारमा २०७२।११।१३ मा ठेक्का भएको थियो। २०७३।३।२० भित्र सम्पन्न गर्न पर्नेमा २०७३ माघ सम्म शुरु नै गरेको छैन। सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ (१)(ग) अनुसार संझौताको दायीत्व सारभूत रुपमा पालन नगरेकोले कालो सुचीमा राख्नु पर्दछ। साथै राखेको कार्य सम्पादन जमानी रु.२५ हजार जफत पनि गर्नु पर्दछ।

९. **प्रशासनिक खर्च** : कार्यक्रमको आकार अनुसार उपयुक्त संख्यामा कर्मचारी नियुक्त गर्नु पर्नेमा बिद्युत उर्जा तथा जलबायु पबिर्तन कार्यक्रम अन्तर्गत भएको कूल खर्च रु.३२ लाख ७८ हजार मध्ये बैकल्पीक उर्जा प्रबर्धन केन्द्रको सिफारिसमा जिल्ला बिकास समितिबाट नियुक्त गरीएका कर्मचारीहरुको तलबमा ५७ प्रतिशत अर्थात रु. १८ लाख ९४ हजार खर्च भएको छ। केही महिना ६ जना सम्म कर्मचारी कार्यरत छन्। प्रशासनिक खर्च घटाई कार्यक्रमगत खर्च बृद्धी गर्नु पर्दछ।

१०. **काममा ढिलाइ** :सार्बजनिक खरिद ऐन २०६३ को दफा ५२ (क)(६) अनुसार संझौतानुसारको काम गर्न ढिलाई गर्ने ठेकेदारलाई संझौतानुसारको कारबाही गर्ने व्यवस्था छ। नब आदर्श बहुमुखी क्याम्पस देउरालीको भवन निर्माण गर्न निर्माण व्यवसायीसँग रु. २ करोड ६७ लाख ६५ हजारमा मिति २०६९।६।७ मा संझौता भई २०७०।९।६ सम्म कार्य सम्पन्न गर्नु पर्नेमा थपिएको म्याद दुई बर्ष भित्र पनि कार्य सम्पन्न नगरी २०७२ आश्वीन सम्म अधुरो राखेको छ। तर कार्यालयले सो निर्माण व्यवसायीलाई कुनै कारबाही गरेको छैन।

११. **मूल्य अभिबृद्धी कर दाखिला** : मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ (३) अनुसार जिल्ला विकास समितिले ठेक्काको माध्यमबाट रिडि, रामघाट र टुटुवाघाटबाट ढुंगा, बालुवा र गिट्टी निकासी गरी आय संकलन गर्दा मुल्य अभिबृद्धी कर रु. ४ लाख १२ हजार संकलन गरेको छ। उक्त रकम राजस्व दाखिला गर्नु पर्नेमा गरेको छैन। साथै निकाल्न सकिने बालुवा र ढुंगाको परिमाण तोक्नु पर्नेमा तोकेको छैन।

१२. **गाउँ बिकास समितिको लेखापरीक्षण** : गाउँ बिकास समितिहरुको २०७२।७३ को लेखापरीक्षण गर्न नियुक्त गरीएका लेखापरीक्षकहरु संग गरिएको अन्तरक्रियामा गाउ बिकास समितिहरुको आर्थिक व्यवस्थापन कमजोर रहेको, गाउ बिकास समितिको सिफारिसमा गाउ बिकास समितिकै लेखापरीक्षक नियुक्त गरिने बिद्यमान प्रणालीले लेखापरीक्षकको स्वतन्त्रतामा बाधा पुगेको उल्लेख गरेका छन। एक महिना भित्र प्रतिबेदन पेश गर्ने गरी नियुक्ति गरिए पनि माघ सम्म पेश भएका सत्यवती र पिपलडाडा गाउ बिकास समितिहरुको लेखापरीक्षण प्रतिबेदन पुनरावलोकन हुदा प्रतिबेदनहरुमा आन्तरीक नियन्त्रण, जिन्सी व्यवस्थापन, ऐन नियमको पालना, बजेट संचालन आदी

बिषयहरुमा केही उल्लेख भएको नपाइएकोले उक्त लेखापरीक्षणलाई आगामी दिनमा थप प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ ।

१३. **कोषको उपयोग** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा ४६ (१) अनुसार स्थापना भएका निम्न कोषहरुको कोष संचालन सम्वन्धी विनियम तयार नगरेको र ८ मध्ये कोषमा रु १ करोड २ लाख ८ हजार निष्कृय रहेको पाइयो ।

१४. **आन्तरिक लेखापरीक्षण** : अग्रिम कर कट्टा नगरेको, भरपाई संलग्न नगरेको, आदी बिषयमा आन्तरीक लेखापरीक्षणले औंल्याएको रु. ९ लाख ३० हजार असुल तथा फछ्यौंट गर्नु पर्दछ ।

१५. **पेश्की बाँकी** : बिभिन्न संघसंस्था तथा व्यक्तिका नाममा आर्थिक बर्षको अन्त सम्म बाँकी पेश्की रु.१ करोड २० लाख ११ हजार संझौताको व्यवस्था र नियम अनुसार फछ्यौंट गर्नुपर्दछ ।

## उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग योजना

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयको उद्देश्य प्राप्तिको लागि संभावित जोखिमहरु घटाउन कार्यालयले उपयुक्त आन्तरीक नियन्त्रण प्रणालीको स्थापना तथा कार्यान्वयन गर्नु पर्दछ। यस अन्तर्गत विभिन्न ऐन नियमहरुले व्यवस्था गरेका आन्तरिक नियन्त्रण गतिविधि मध्ये ३ बजेट उपशिर्षकमा रु. ४ करोड ३० लाखको थप अख्तियारी आषाढको तेश्रो र चौथो हप्तामा पठाएको, जिन्सी निरिक्षण प्रतिबेदनमा उल्लेखित सामानहरुको लिलाम, मर्मत, संभार गर्ने र मुल्य खुलाउने कार्य नगरेको, तेश्रो चौमासिकमा ६३ प्रतिशत (रु.१७ करोड ९५ लाख) र आषढमा ३५ प्रतिशत (रु.१० करोड ९ लाख) भुक्तानी दिएको, तालुक कार्यालयबाट निरीक्षण नगरेको, वार्षिक दश लाखभन्दा बढीको खरिद गर्दा खरिद योजना नबनाएको, संझौता अनुसार मोबिलाइजेसन पेश्की फछ्यौट हुने नगरेको र संचालित कार्यक्रम मध्ये सेती खोला पुल स्याग्जामा शुन्य प्रतिशत, मिर्मी फेलवास कुस्मा सडक योजनामा २३ प्रतिशत र लुप्रा खोला पुल मुस्ताङमा ४५ प्रतिशत प्रगति भएको जस्ता व्यहोरा देखिएकाछन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ कोनियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत समेत ५ प्रतिशत कन्टिन्जेन्सीमा खर्च गर्ने सक्ने व्यवस्था छ । यस बर्ष इन्धन, मर्मत, भ्रमण खर्च, ज्याला आदीमा रु.८६ लाख ४७ हजार कन्टीन्जेन्सी खर्च गरेको छ । उक्त नियमले वर्क चार्ट स्टाफ खर्च र साना तिना अन्य खर्चहरुको वर्गिकरण र व्याख्या गरेको छैन । २०७३ आषढमा भौतीक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले कन्टीजेन्सीको कार्यविधि ल्याउने प्रतिवद्धता गरे पनि हाल सम्म कार्यविधि तर्जुमा गरेको छैन । कार्यविधि बनाई उक्त खर्च गर्नु पर्दछ ।

त्यस्तै कुल कन्टिन्जेन्सी खर्चको २ प्रतिशत सडक विभाग पठाउनु पर्ने व्यवस्था अनुसार रु. ३४ लाख ६० हजार पठाउनु पर्नेमा रु.१ लाख ४० हजार बढी पठाएको छ । कार्यबिधि बनाई यसमा सुधार गर्नु पर्दछ ।

३. **वातावरणीय परीक्षण** : वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ तथा सडक विभागले अवलम्वन गरी रहेको अभ्यास अनुसार नयाँ सडक निर्माण र पुर्नस्थापना गर्दा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मुल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । उक्त परिक्षण तथा मुल्यांकन भरपर्दो र बिश्वसनिय हुनु पर्दछ । यस करिडोरको गैंडाकोट–महेश्वर खोला खण्डको रु.६ करोड ३० लाखको ठेक्काको वातावरणीय प्रभाब मुल्यांकन त्रुटीपूर्ण भई काट्नुपर्ने रुखहरुको संख्या कम उल्लेख गरिदा निर्धारित समयमा रुख कटान नभई काम अबरुद्ध भएको छ । बाताबरण परीक्षण सम्बन्धी काम विश्वसनीय बनाउनु पर्दछ ।

४. **म्याद थप** : एक्लेभट्टी लुप्रा (पाण्डा) खोला जोमसोममा पुल निर्माण गर्न रु.३ करोड ५४ लाख २८ हजारमा एक निर्माण व्यवसायीलाई मिति २०६९।३।२८ मा कार्यादेश दिएको देखिन्छ। दुई वर्षमा कार्य सम्पन्न गर्ने गरी भएको ठेक्कामा ठेक्का अवधिसम्म १९ प्रतिशत र २०७३ आषाढ सम्म ४२ प्रतिशत प्रगति गरेको छ। भुकम्प, चाडपर्ब, कालिगण्डकी थुनिएको आदि कारण देखाई २०७४।३।२५ सम्म हर्जना नलाग्ने गरी तीन पटक म्याद थप भएको छ। मोबिलाइजेसन पेश्की फिर्ता गरिएको सो ठेकेदारले थप समयावधी भित्र पनि काम सम्पन्न नगरेमा पूर्ब निर्धारित क्षतिपूर्ति लगाउनु पर्दछ।

५. **सुपरभिजन गाडी** : उक्त ठेक्कमा सम्झौता भएको ४ वर्ष सम्म ४२ प्रतिशत मात्र प्रगति भएपनि काम शुरुनै नगरेको पहिलो २ बर्षको अवधिमा सोही निर्माण व्यावसायीबाट ठेक्कामा सुपरभिजन गाडी भाडा लिई रु. ३२ लाख २० हजार भुक्तानी गरेको छ। ठेक्काबाट ठेक्का संग असम्बन्धित कार्यमा खर्च गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ।

६. **अनियमित खर्च** : करारका कर्मचारीलाई परार्मश सेवा शिर्षकबाट पारिश्रमीक भुक्तानी दिनु पर्नेमा तलब शिर्षक बाट रु.१० लाख ९७ हजार दिएको छ। अनियमित खर्च लेख्ने कार्य रोक्नु पर्दछ।

७. **मोविलाइजेसन पेश्की** : बिभिन्न ७ निर्माण व्यावसायीहरुको नाममा २०७३ आषाढ सम्म बाँकी रहेको मोविलाइजेशन पेश्की रु.३ करोड ३९ लाख ९९ हजार संझौताको व्यवस्था अनुसार फछर्यौट गर्नु पर्दछ।

## शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय

१. **न्यून बजेट खर्च** : आयुर्वेद सेवा कार्यक्रममा रु.१ करोड १४ लाख ३० हजार बजेट बिनियोजन भएकोमा ५६ प्रतिशत खर्च भएको छ। सार्वजनिक खर्च व्यवस्थापन लाई प्रभावकारी बनाई खर्च बृद्धि गर्नु पर्दछ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयको उद्देश्य प्राप्तिको लागि संभावित जोखिमहरु घटाउन कार्यालयले उपयुक्त आन्तरीक नियन्त्रण प्रणालीको स्थापना तथा कार्यान्वयन गर्नु पर्दछ। यस अन्तर्गत विभिन्न ऐन नियमहरुले व्यवस्था गरेका आन्तरिक नियन्त्रण गतिविधि मध्ये सचिव र बिभागीय प्रमुखले अख्तियारी प्राप्त भएको १५ दिन भित्र मातहतका कार्यालयलाई अख्तियारी दिनुपर्नेमा ५बजेट उप शिर्षकको रु.८ करोड ४३ लाख ४६ को अख्तियारी आषाढ महिनामा पठाएको, जिन्सी निरिक्षण प्रतिबेदनमा उल्लेखित सामानहरुको लिलाम, मर्मत, संभार गर्ने र मुल्य खुलाउने कार्य नगरेको, कर्मचरीहरुले गरेको भ्रमण खर्चको अभिलेख नराखेको, रु.१० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना बनाए पनि सो को कार्यान्वयन पक्ष कमजोर रहेको, प्रथम चौमासिकमा ठेक्का बन्दोबस्त गर्नुपर्नेमा यस बर्ष गरिएका २२ ठेक्का मध्ये तेश्रो चौमासिकमा ८ र तेश्रो चौमासिक मध्ये आषाढमा ७ ठेक्का बन्दोवस्त गरेको, बर्षभर सन्तुलित रुपले खर्च गर्नु पर्नेमा कुल खर्चको ४७.५३ प्रतिशत (रु. १० करोड २१ लाख) भुक्तानी आषाढमा गरेको, संझौता अनुसार मोबिलाइजेसन पेश्की फछ्यौट ढिलो हुने गरेको, शत प्रतिशत प्रगति हासिल गर्नु पर्नेमा यस वर्ष संचालित १२२ कार्यक्रम मध्ये ३ को शुन्य प्रतिशत, २ को २५ प्रतिशत सम्म, १ को ५० प्रतिशत र ११६ को ७५ प्रतिशत सम्म प्रगति भएको र निर्माण कार्य सम्पन्न भएको १३ महिना भित्र कार्यालयले कार्य सम्पन्न प्रतिबेदन तयार गरी एक तह माथिको अधिकारीलाई जानकारी नदिएको जस्ता व्यहोरा देखिएकाछन। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

३. **कारागार भवन निर्माणमा ढिलाई** : पाल्पा जिल्लाको पुरुष कारागार भवन निर्माणको लागि मिति २०७०।१।१६ भित्र कार्य सम्पन्न गर्ने गरी निर्माण व्यावसायीसँग रु.२ करोड १७ लाख ९७ हजारमा

मिति २०६८।३।१६ मा सम्झौता गरेको थियो । सो काममा २०७२।७३ सम्म रु.१ करोड ७ लाख १० हजार (४९.१३%) भूक्तानी भएको देखिन्छ । कैदिहरु अन्यत्र सारी भवन निर्माण गर्ने योजना रहेकोमा कैदी सार्ने बैकल्पिक ठाउँको अभाव देखाई कैदीहरु सार्न नसक्दा काममा ढिलाई भएको जानकारी भएपनि बैकल्पिक ठाउको व्यवस्थापन गरी छिटो कार्य सम्पन्न गर्नु पर्दछ ।

४. **गुणस्तर परीक्षण** : भवन विभागको स्पेसिफिकेसन अनुसार भवन निर्माण गर्दा डण्डी, वालुवा, गिट्टी, इटा, ढुंगा, कंक्रिट आदीको गुणस्तर परिक्षण गर्नु पर्ने व्यवस्था छ । यस वर्ष सम्पन्न भएका ४ वटा भवनमा रु. १ लाख ४७ हजार समेत कतिपय अन्य ठेक्कामा यसको लागि रकम समेत व्यवस्था गरेको भएपनि गुणस्तर परिक्षण गराएको छैन । गुणस्तर परीक्षण गर्ने व्यवस्थाको अनिवार्य पालना गर्नु पर्दछ ।

५. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा कटिन्जेन्सी रकम बाट वर्कचार्ट खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत खर्च गर्न सकिने उल्लेख भएपनि सो अनुसार अभिलेख नराखी यस वर्ष २.६५ प्रतिशतले रु.५५ लाख ८८ हजार खर्च गरेको छ । साथै नियमले उक्त शिर्षक अन्तर्गत गर्न सकिने खर्चहरुको ब्याख्या समेत गरेको छैन । कार्यविधि बनाई खर्च गर्नु पर्दछ ।

६. **हस्तान्तरण** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) अनुसार भवन निर्माण भएपछि लाभग्राही समुदायलाई हस्तान्तरण गर्नु पर्नेमा निर्माण सम्पन्न भएका बलेटक्सार रिमुवा बाटो, पिपलधारा आयुर्बेद औषधालय भवन, प्रगतिशिल बहुउद्देशिय महिला भवन, तानसेनको एक सामुदायीक भवन हस्तान्तरण गरेको छैन । सम्बन्धीत पक्षलाई हस्तान्तर गर्नु पर्दछ ।

७. **असम्बन्धित कार्य** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ अनुसारका आइटमहरु मात्र ठेक्काको काममा समाबेश गर्नु पर्नेमा उक्त नियममा नभएको ५ ठेक्काबाट रु.५७ लाख ९० हजारको गाडी भाडामा लिने गरी ठेक्का संझौता गरेको छ । साथै दुई हे.पो. भवनको ठेक्कामा राखी रु.३ लाख १० हजार गाडी भाडा भुक्तानी दिएको छ । नियमको पालना गरी आर्थिक कारोबार गर्नु पर्दछ ।

८. **विमाको म्याद थप** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार ठेक्काको काम, मानिस र उपकरणको त्रुटी सच्याउने अवधि सम्मको बिमा गराउनु पर्नेमा काम पुरा नहुँदै सिमिचौर खानेपानी आयोजना, गुल्मीको विमा खर्च रु.१ लाख ४० हजारको म्याद समाप्त भएको छ । कार्यालयले सो को म्याद थप गर्नु गराउनु पर्दछ ।

९. **कालो सुचि** : सार्वजनिक खरद ऐन २०६३ को दफा ५९ र संझौताको दफा १७ अनुसार निर्माण व्यावसायीले ठेक्काको कार्य सम्पादन सन्तोसजनक रुपले नगरेमा कालो सूचिमा राख्न सकिने व्यवस्था छ । पाल्पा जिल्लाको अर्चले हेल्थपोष्ट निर्माण गर्न रु. १ करोड ४० लाख १७ हजारमा एक निर्माण व्यावसायी संग मिति २०६६।१२।९ मा संझौता भएको थियो । २०६८।३।२५ भित्र कार्य सम्पन्न गर्नु पर्नेमा २०७२।९।९ सम्म ६ पटक म्याद थप गर्दा पनि कार्य सम्पन्न नभई रु.८१ लाख ४२ हजारको काम गरेपछि सो व्यावसायीले ठेक्का छोडेको छ । तर कार्यालयले व्यावसायीलाई कुनै कारबाही गरेको छैन । कार्यालयमा मौज्दात व्यावसायीको धरौटी रु.३ लाख ६० हजार र कार्य सम्पादन जमानी रु.७ लाख ७ हजार जफत गरी कालो सुचीमा समेत राख्नु पर्दछ ।

१०. **पूर्ब निर्धारित क्षतिपूर्ति** : ठेक्का संझौताको दफा ७.३ अनुसार निर्माण व्यावसायीको कारणबाट ढिलाई भई म्याद थप गर्दा सोही संझौताको दफा ७.५ अनुसार ठेक्का अंकको १० प्रतिशतका दरले पूर्ब निर्धारित क्षतिपूर्ति लगाउनु पर्दछ । गुल्मी जिल्लाको सिमिचौर खानेपानी योजना निर्माण गर्न एक निर्माण व्यावसायी संग २०६८।३।१६ मा रु. ६३ लाख ५ हजारमा संझौता भएको थियो । उक्त काम २०६८।१०।२५ भित्र सम्पन्न गर्नु पर्नेमा २०७० आश्वीन सम्म पटक पटक म्याद थप

गरिए पनि रु.५० लाख ४६ हजारको काम गरेपछि सो व्यावसायीले बिगत ३ बर्ष देखि ठेक्का छोडी काम अधुरो राखेको छ । ठेक्का संम्झौता अनुसार कारबाही गरी व्यावसायीसंग रु.६ लाख ३० हजार पूर्ब निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्दछ । साथ धरौटी रु.२ लाख ५ हजार जफत गर्नु पर्दछ ।

**१०.** १ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क (६) अनुसार ठेक्कामा प्रयोग नभई बाँकी रहेको मोविलाइजेसन पेश्की रु.३ लाख ७९ हजारको अग्रिम भुक्तानी जमानी जफत गरि असुल गर्नु पर्दछ ।

१०. २ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ अनुसार संम्झौताको काम सन्तोषजनक नगरेकोले राष्ट्रिय बाणिज्य बैक रामेछापको रु.३ लाख ७५ हजारको कार्य सम्पादन जमानी जफत गरि सोही दफा र संम्झौताको दफा १७ अनुसार कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्दछ ।

**१०.** ३ ठेक्का र बैक जमानीहरुको म्याद थप गर्ने, काम नगर्ने निर्माण व्यावसायीलाई कारबाही गर्ने र ठेक्का कार्यान्वयनका अन्य बिषयहरुमा कार्यालयले पर्याप्त ध्यान दिएको छैन । ठेक्का संम्झौता अनुसार आफ्नो अधिकार र जिम्मेवारी पुरा नगर्ने यस संग सम्बन्धित कार्यालय प्रमुखहरु लाई पनि जिम्मेवार र जवाफदेही बनाउनु पर्दछ ।

**११. कार्य प्रारम्भ** : ठेक्का संम्झौता पश्चात तुरुन्त काम शुरु गर्ने गरी २०७३ आषढमा सम्झौता भएका झिरुवास र कचल स्वास्थ्य चौकी भवनका निर्माण व्यावसायीहरुले २०७३ माघ सम्म काम शुरु नगरेको जानकारी कार्यालयबाटै प्राप्त भयो । संम्झौता अनुसार निर्माण व्यावसायीहरुलाई समयमै साइटमा परिचालन गर्न दिएको पेश्कीको प्रयोग सम्बन्धित काममा नगरेकोले संम्झौतानुसार बैक जमानी जफत गरी पेश्की रु.१३ लाख ४० हजार असुल गर्नु पर्दछ ।

**१२. एज बिल्ट नक्शा** : सार्वजनिक खरिद नियमावली २०६४, को नियम १२५(१) र संम्झौतानुसार निर्माण व्यवसायीले भवन निर्माण सम्पन्न भए पछि एज बिल्ट नक्शा पेश गर्नु पर्नेमा ६ निर्माण व्यावसायीहरुलाई एज विल्ट नक्सा बेगर प्रोभिजनल समबाट रु.१ लाख ७० हजार भुक्तानी दिएकोले सम्बन्धित व्यावसायीहरुबाट असुल गर्नु पर्दछ ।

**१३. बढि भुक्तानी** : सर्वाजनिक खरिद नियमावली २०६४ को नियम १२३ (१)ख अनुसार नापी किताबमा उल्लेख भएको बास्तविक कार्यको आधारमा भुक्तानी गर्नु पर्नेमा पिपलधारा आर्युर्वेद औषधालय भवनको ह्युम पाइपको कामको भुक्तानीमा रु.५ सयको सट्टा रु.५ हजारका दरले भुक्तानी गर्दा बढी भुक्तानी भएको रु.४५ हजार सम्बन्धित निर्माण व्यावसायीबाट असुल गर्नु पर्दछ ।

**१४. मूल्य बृद्धि भुक्तानी** : ठेक्का संम्झौताको दफा २७ अनुसार निर्माण व्यावसायीको ढिलाइको कारणबाट म्याद थप हुन गएमा दफा ४५ अनुसार मुल्य बृद्धि भुक्तानी दिन नमिल्ने व्यवस्था भएपनि व्यावसायीलाई रु.२ लाख २४ हजार मुल्य बृद्धि भुक्तानी दिएको छ । संम्झौता बिपरीत भुक्तानी दिएको मुल्यबृद्धि रु.२ लाख २४ हजार व्यावसायीबाट असुल गर्नु पर्दछ ।

**१५. पेस्की** : १८ ठेक्काका १६ निर्माण व्याबसायीको नाममा आर्थिक बर्षको अन्तमा फछ्र्योट हुन बाँकी देखिएको मोबिलाइजेशन पेश्की रु.५ करोड ४६ हजार संम्झौतानुसार फछ्र्योट गर्नु पर्दछ ।

## जिल्ला प्राबिधिक कार्यालय

१. **न्यून बजेट खर्च** : राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रममा रु.५ करोड ६३ लाख ८ हजार बजेट बिनियोजन भएकोमा कमजोर कार्य सम्पादनको कारणले रु.३ करोड ९० लाख ४८ हजार र पुननिर्माण तथा पुन स्थापना कार्यक्रममा रु.१ करोड ६८ लाख बजेट बिनियोजन भएकोमा रु.१ करोड ३ लाख २८ हजार खर्च भएको छ ।

२. **आन्तरिक नियन्त्रण व्यवस्था** : यो बर्ष निकायले देहायको कानुनको परिपालना गरेको छैन । कानुनको परिपालना नगरेको कारणले आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको छैन । कानुनको परिपालना गरी आन्तरीक नियन्त्रण प्रणालीको यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन र सेवा प्रबाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

- आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३२(२) अनुसार सम्बन्धित सचिव र बिभागीय प्रमुखले अख्तियारी प्राप्त भएको १५ दिन भित्र मातहतका कार्यालयलाई अख्तियारी दिनुपर्नेमा बजेट उप शिर्षक ३४९१०२४ को रु.५० लाखको अख्तियारी आषाढ महिनामा पठाएको छ ।
- आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ५० अनुसार जिन्सी निरिक्षण प्रतिबेदनमा उल्लेखित सामानहरुको लिलाम, मर्मत, संभार र मुल्य खुलाउने कार्य गरेको छैन ।
- भ्रमण खर्च नियमावली २०६४ को नियम २१ अनुसार कर्मचरीहरुले गरेको भ्रमण तथा सोको खर्चको अभिलेख राख्नु पर्नेमा राखेको छैन ।
- सार्बजनिक खरिद नियमावली २०६४ को नियम ८ अनुसार रु.१० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना बनाउनु पर्नेमा बनाउने गरेको पाइएन ।
- कार्यालयले आर्थिक कार्यबिधि नियमावली २०६४ नियम २० (३)अनुसार प्रथम चौमासिकमा ठेक्का बन्दोबस्त गरी बर्षभर सन्तुलित रुपले काम गराउनु पर्नेमा कुल खर्च रु.५ करोड ८९ लाख ४५ हजार मध्ये ६५ प्रतिशत भुक्तानी तेश्रो चौमासिकमा र ४० प्रतिशत भुक्तानी आषाढमा गरेको देखिदा अन्तिम चौमासिकमा बढी काम गराएको देखियो ।

**३. कापमा ढिलाई** : बासटारी- झडेवा- गोठादी सडक स्तरोन्नती गर्न रु.९ करोड २३ लाख ९९ हजारमा एक निर्माण व्यावसायीसंग मिति २०७२।८।२९ मा संझौता भई १५ महिना भित्र काम सम्पन्न गर्नु पर्नेमा १४ महिनाको अवधी २०७३।१०।२९ सम्म २०७३।७४ मा मात्र ४ प्रतिशत काम गरेको छ । महाभुकम्प भन्दा ४ महिना अघि भएको ठेक्कामा ५ महिना भित्र माइलस्टोन १ को १५ प्रतिशत काम हुन नसकी हर्जाना लगाएको र संसोधित माइलस्टोन २ अन्तर्गत २०७३ माघ १६ सम्म ठेक्काको ५० प्रतिशत काम पुरा गर्नु पर्नेमा उक्त काम बाहेक थप काम नगरेकाले संझौताको दफा ४७.१ अनुसार ठेक्का अंकको प्रतिदिन ०.०२५ प्रतिशतका दरले २०७३।१०।२९ सम्म १३ दिनको हर्जाना लगाई रु.२ लाख ६६ हजार असुल गर्नपर्दछ ।

संझौताको दफा ४९.२ अनुसार निर्माण व्यावसायीले मोबिलाइजेसन पेश्की रकम साइटमा उपकरण, सामाग्री आदी व्यवस्थापन गरी तोकिएको समयमा काम शुरु गर्न उपयोग गर्नु पर्नेमा ठेक्का भएको ७ महिना सम्म काम शुरु नगरेकोले २०७२।७३ मा दिएको पेश्कीको उपयोग नभएको हुदा पेश्की रु.८० लाख ७० हजार शीघ्र परीचालन गरी समयमा निर्माण कार्य गर्नु पर्दछ ।

हार्थोक-छहरा-तिनगिरे सडक स्तरोन्नती गर्न एक निर्माण व्यावसायीसंग रु. ८ करोड २२ लाख ७४ हजारमा संझौता भएकोमा ठेकेदारले संझौताको दफा १.१ (यु) अनुसार दोश्रो माइलस्टोनको सारिएको मिति २०७३।९।९ सम्म ५० प्रतिशत काम पुरा नगरेकोले संझौताको दफा ४७.१ अनुसार भ्याट बाहेकको रकममा हर्जाना लगाई असुल गर्नु पर्ने व्यहोरा औल्यइएकोमा व्यावसायीले ढिलाइ गरेको व्यहोरा स्वीकर गरिएकोले रु. ९ लाख १० हजार हर्जाना असुल गर्नु पर्दछ ।

संझौताको दफा ४९.२ अनुसार उक्त व्यावसायीले मोबिलाइजेसन पेश्की रकम साइटमा उपकरण, सामाग्री आदी व्यवस्थापन गरी तोकिएको समयमा काम शुरु गर्नु पर्नेमा ढिलो काम

शुरु गरेकोले आ.ब.२०७२।७३ मा दिएको पेश्कीको उपयोग नभएको नभएको हुदा पेश्की रु.७२ लाख शीघ्र परीचालन गरी समयमा निर्माण कार्य गर्नु पर्दछ ।

४. **भवन निर्माणमा ढिलाई** : द्वन्दमा क्षति भएका भौतिक पूर्वाधारहरुको पुनः निर्माण तथा पुनः स्थापना गरी जनतालाई दिगो शन्ति तथा राहतको अनुभूति दिलाउने उद्देश्यले २०६९।७० मा निर्माण शुरु गरेका सोमादी र भुवनपोखरी गा.बि.स.भवनहरुको निर्माण १५ महिनामा सम्पन्न गर्नु पर्नेमा निर्माण व्यावसायीले ४४ महिना सम्म पनि सम्पन्न गरेका छैनन् । आंशिक रुपले हर्जाना कट्टी गर्ने वाहेक कार्यालयले कुनै कारवाही गरेको छैन । व्यावसायीको ढिलाइको कारणबाट ३ पटक म्याद थप गरी संझौताको दफा ७.४ अनुसार १० प्रतिशत हर्जाना लगाउनु पर्नेमा कम लगाएकोले नपुग हर्जाना रु. २ लाख २१ हजार व्यावसायीहरुबाट असुल गर्नु पर्दछ ।

५. **बढी भुक्तानी दिएको** : सोमादी गा.बि.स. भवन निर्माण गर्ने निर्माण व्यावसायीको दोश्रो रनिङ्ग बिल भुक्तानी दिदा पहिलो रनिङ्ग बिलको रु.७ लाख १६ हजार समेत भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम रु. ७ लाख १६ हजार व्यावसायीबाट असुल गर्नु पर्दछ

६. **निर्देशिका बिपरितको काम** : शान्तिका लागि बिकास कार्यक्रम संचालन निर्देशिका २०६८ अनुसार आर्थिक बिकासको माध्यमबाट दिगो शान्ती प्राप्त गर्न सडक, पुल, सेवा केन्द्र, भवन, खानेपानी तथा सिचाईका संरचना निर्माण आदी कार्यमा खर्च गर्नु पर्ने उल्लेख भएकोमा दफा ६.१ अनुसार जिल्ला स्तरको सिफारिस बेगर केन्द्रबाट पठाइएको कार्यक्रमबाट यस कार्यालयले रु.३ लाख सम्मका ३५ टुक्रामा बिद्यालय, अन्य भवन, मन्दिर, पार्क आदिको मर्मत संभार गर्ने कार्य गराई रु.६३ लाख ५९ हजार खर्च गरेको छ । सिद्धि उ.मा.बि. आर्यभन्ज्याङको ठेगाना फरक पारी २ पटक रु.६ लाख निकासा समेत दिएको छ । सालबसाली रुपमा उक्त निर्देशिका बिपरित गरीएको यस प्रकारको खर्चबाट दिगो आर्थिक बिकास गर्ने उद्देश्य पूरा हुन सक्दैन । निर्देशिका अनुरुपका कार्य मात्र संचालन गर्नु पर्दछ ।

त्यसैगरी द्वन्द पछिको पुनःनिर्माण तथा पुनस्थापना अन्तर्गत द्वन्दबाट क्षति भएका भौतिक पूर्वाधारहरुको मात्र पूनर्निमाण/ पुनस्थापना गर्नु पर्नेमा ७ बिद्यालयहरुलाई त्यस बाहेकको काम गर्न रु.२५ लाख खर्च गरेको छ । निर्देशिकाको उद्देश्य बिपरीत यसरी खर्च गर्न मिल्दैन ।

७. **परामर्श सेवा खरिद** : सार्बजनिक खरिद ऐन २०६३ को दफा २९ मा सम्बन्धित निकायको जनशक्तिबाट नहुने कामको लागि मात्र परामर्सदाता नियुक्त गर्न सकिनेमा यस कार्यालयले निर्माण तथा संचालन गरिरहेको जिल्ला स्तरीय सडकमा स्थानीय पूर्वाधार तथा कृषी सडक बिभागबाट रु. १ करोड ५५ लाख ३७ हजारमा ५३ महिनाको लागि चार जना परामर्शदाता नियुक्त गरी पारिश्रमिक तर्फ यस बर्ष रु.३८ लाख ३८ हजार समेत रु. ५५ लाख ४२ हजार खर्च गरेको छ । परामर्श सेवा कार्यालयको आवश्यकता र उक्त ऐनको परिधि भित्र रही लिनु पर्दछ ।

८. **पेश्की** : दुई निर्माण व्यावसायीलाई दिएको मोबिलाइजेशन पेश्की मध्ये फछ्र्यौट हुन बाँकी देखिएको पेश्की रु.१० लाख ४० हजार संझौता अनुसार फछ्र्यौट गर्नु पर्दछ ।

## सिचाई बिकास डिभिजन कार्यालय

१. **न्यून बजेट खर्च** : नयाँ प्रबिधिमा आधारित सिचाइ योजनामा रु.८० लाख ५० हजार बजेट बिनियोजन भएकोमा रु.३६ लाख ९१ हजार र मझौला सिचाई कार्यक्रममा रु.४ करोड ३६ लाख बजेट बिनियोजन भएकोमा रु.२ करोड ७० लाख खर्च भएको छ । सार्बजनिक निर्माणलाई व्यवस्थित गरी खर्च बृद्धि गर्नु पर्दछ ।

२.	**आन्तरीक नियन्त्रण व्यवस्था** : यो बर्ष निकायले देहायको कानुनको परिपालना गरेको छैन । कानुनको परिपालना नहुदा आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी हुन सक्दैन । कानुनको परिपालना गरी आन्तरीक नियन्त्रण प्रणालीको यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन र सेवा प्रबाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार खर्चका विल भरपाईमा भुक्तानी भएको छाप लगाउनु पर्ने व्यवस्था छ । तर कार्यालयले सो नियमको पालना गरेको छैन । खर्च दोहोरो हुन सक्ने र रित नपुगेको खर्च भुक्तानी हुने भएकोले नियमावलीको व्यवस्था पालना गर्नु पर्दछ ।
- भ्रमण खर्च नियमावली २०६४ को नियम २१ अनुसार कर्मचरीहरुले गरेको भ्रमण तथा सोको खर्चको अभिलेख राख्नु पर्नेमा राखेको छैन । यसबाट भ्रमण खर्च नियन्त्रण र भ्रमण प्रभावकारी नहुने भएकोले अभिलेख राखी उद्धेश्यमूलक र व्यवस्थित बनाइनु पर्दछ ।
- कार्यालयले आर्थिक कार्यबिधि नियमावली २०६४ नियम २०(३) अनुसार प्रथम चौमासिकमा ठेक्का बन्दोबस्त गरी बर्षभर सन्तुलित रुपले काम गराउनु पर्नेमा कुल निर्माण खर्च रु.४ करोड ६३ लाख ९२ हजार मध्ये ७८ प्रतिशत भुक्तानी तेश्रो चौमासिकमा र ५० प्रतिशत भुक्तानी आषाढमा गरेको देखिदा अन्तिम चौमासिकमा बढी काम गराएको देखियो । तोकिएको चौमासिकमा गर्नु पर्ने काम आर्थिक बर्षको अन्तमा गर्दा निर्माण कार्यको गुणस्तर राम्रो नहुने भएकोले तोकिएको समयमा काम सम्पन्न गर्नु पर्दछ ।
- सार्बजनिक खरिद नियमावली २०६४ को नियम ८ अनुसार रु.१० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना बनाउनु पर्नेमा बनाउने गरेको पाइएन । खरिद कार्य व्यवस्थित नहुदा समयमै सेवा तथा मालसामान प्राप्त नभई कार्यालयको उद्धेश्य प्राप्तीमा नकारात्मक असर पर्न जान्छ ।
- आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३२(२) अनुसार सम्बन्धित सचिव र बिभागीय प्रमुखले अख्तियारी प्राप्त भएको १५ दिन भित्र मातहतका कार्यालयलाई अख्तियारी दिनुपर्नेमा बजेट उप शिर्षक ३५७१२६४ को रु.२७ लाखको अख्तियारी आषाढ महिनामा पठाएको छ ।

३.	**कार्यक्रम बिपरीत खर्च** : बार्षिक बार्यक्रममा तोएिका क्रियाकलापमा खर्च गर्नु पर्दछ । बार्षिक कार्यक्रममा १५ सिचाइ योजनाको लागि कृषी प्रचार तथा प्रसार सामग्री उत्पादन तथा बितरण गर्न रु.४९ लाख ५० हजार बजेट बिनियोजन गरेकोमा रु. ८ लाख ९४ हजार बिउ बिजन खरिदमा खर्च गरी ती बिउबिजनहरु तालीम संचालन गरी कृषकलाई बितरण गरेको छ । प्रसार सामग्री उत्पादन तथा बितरण गर्न कार्यक्रमले निर्दिष्ट गरेको रकम सो काममा खर्च नगरी तालीम संचालन गरेर भत्ता, मसलन्द, खाजा आदीमा रु.१५ लाख ६३ हजार खर्च गरेको छ । यो कार्यक्रम संचालन गर्न सिचाई बिभागले निर्देशिका नबनाएको कारण कुन कार्यक्रम कसरी संचालन गर्ने भन्ने अन्योलको स्थिति रहेको छ । कार्यक्रमको परिधी भित्र रहि कार्यबिधि तर्जुमा गरेर खर्च गर्नु पर्दछ ।

४.	**नियम विपरित कार्य:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०)मा मेसिन उपकरण प्रयोग हुने निर्माण कार्य उपभोक्ता समितिबाट गराउन नमिल्नेमा यस कार्यालयले दरपुकफाँट सिचाई योजना अन्तर्गत खानेपानी टंकि निर्माण र बितरण प्रणाली सम्बन्धी कामको लागि दरपुकफाँट सिचाई जल उपभोक्ता समितिसँग २०७३।१।२४ मा २०७३।३।२० भित्र सम्पन्न हुने गरी रु.४३ लाख ६३ हजारमा संझौता भएको थियो । यस आ.ब.मा रु.१२ लाख ८४ हजारको मात्रै काम सम्पन्न भइ योजना अधुरो रहेको छ । व्यावसायीक सिप, उपकरण र पूँजी नभएको उपभोक्ता समूहबाट नियम बिपरीत काम गराउनु हुदैन ।

५. **गुणस्तर परीक्षण** : सिचाई बिभागको स्पेसीफिकेशन अनुसारका गुणस्तर परीक्षणहरु अनिवार्य रुपमा गर्नु पर्ने व्यवस्था छ । २०७२।७३ मा शुरु भई २०७३।७४ मा सम्पन्न भएका छेर्लुङ र सर्देवाफाट सर्दी सिचाई योजनाहरुको संझौतानुसार सिमेन्ट, बालुवाको मोर्टार, तारको जिङ्क, डण्डीको टेन्साइल टेष्ट तथा माटोको पनि परीक्षण गर्नु पर्नेमा गरेको छैन ।

सिचाइ बिभाग र त्यस अन्तर्गतका कार्यालयहरुले अनिवार्य रुपमा बिद्युतीय बोलपत्र प्रणाली प्रयोग गर्नु पर्ने व्यवस्था भएकोमा २०७२।३।२८ मा ठेक्का संझौता भई रु.७१ लाख ७८ हजारमा सम्पन्न भएको सेराखेत सिचाई योजनामा यो प्रणाली अवलम्वन नगरी पेपर बिडिङ नै प्रयोग गरेको छ । खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउन बिद्युतीय प्रणाली प्रयोग गर्नु पर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरीक नियन्त्रण** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९५ मा प्रत्येक कार्यालयले आफ्नो कार्यलाई प्रभावकारी बनाउन कामको प्रकृती अनुसार आन्तरीक नियन्त्रण प्रणली तयार गरी लागु गर्नु पर्नेमा गरेको देखिएन । बिद्यालय प्रशासन शाखाले दरबन्दी एकिन नगरी बिद्यालयहरुलाई चौमासिक निकासा दिने गरेको, अध्यापन अनुमति पत्रको लागि फाईल र फारम परीक्षार्थिको संख्या १३१७ भन्दा बढी छपाइ गरेको, पहिलो पटकको निकासाबाट काम शुरु नगर्ने बिद्यालयलाई पनि दोश्रो र तेश्रो पटक निकासा दिएको, रु.७४ लाख ५७ हजारको अख्तियारी आषाढको अन्त्यमा पठाएको, जिन्सी निरिक्षण प्रतिबेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन नगरेको नदिएको जस्ता व्यहोरा देखिएकाछन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **कार्यबिधि बिपरीत निकासा** : कार्यक्रम कार्यान्वयन निर्देशिका २०७२।७३ को दफा ८.२.८.४ अनुसार चौमासिक निकासा दिदा अघिल्लो चौमासिक निकासाको कामको नापी किताव पेश भए पछि पछिल्लो चौमासिकको निकासा दिनुपर्नेमा बिद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत बिद्यालयहरुमा खानेपानी व्यवस्थापन गर्न ४ बिद्यालयको लागि रु.२० लाख बजेट व्यवस्था भएकोमा ११ बिद्यालयलाई रु.२ लाख सम्मका दरले निकासा दिएकोमा पहिलो चौमासिकको काम नगरेकै अवस्थामा दोश्रो र तेश्रो चौमासिक निकासा दिएको छ । लेखापरीक्षण समय २०७३ पौष सम्म एक बिद्यालयको रु. २ लाखको मात्र काम भई अन्य बिद्यालयहरुको रु.१८ लाखको कार्य भएको छैन । काम नगर्ने बिद्यालयलाई कुनै कारबाही भएको छैन । आवश्यक कारबाही गरी निर्धारित समयमा कार्य सम्पन्न गर्नु पर्दछ ।

३. **छात्रबृत्ति बितरण** : कार्यालयले यस बर्ष कार्यक्रम कार्यान्वयन पूस्तिका अनुसार बिपन्नताको आधारमा बर्गिकरण गरी मा.बि. स्थानीय छात्रा छात्रबृत्ति र दलित छात्रबृत्ति अन्तर्गत रु.१७५ को स्टेसनरी मात्र वा रु.३५० को पोषाक मात्र वा दुबै छात्रवृत्ति दिनुपर्नेमा सो अनुसार बर्गिकरण नगरी प्रति छात्रा रु.४०० को दरले दरले २९०६२ जनालाई रु.१ करोड १६ लाख २५ हजार निकासा दिएको छ । सो रकम कार्तिक १८ मा निकासा पाएको गाडाकोट श्रोतकेन्द्रले अधिकांश छात्रबृत्ति रकम बैसाख, जेष्ठ र आषाढमा बितरण गरेको देखिदा बितरण कार्यमा ढिलाइ भएको देखिन्छ । त्यसैगरी मा.बि. स्तरीय छात्रबृत्ति अन्तर्गत चन्द्रोदय मा.बि.पन्थे गाडाकोटका ४ जना बिद्यार्थिलाई रु.१७०० का दरले रु.६८०० निकासा दिएकोमा बिद्यालयले ८ जना बिद्यार्थिहरुलाई रु.८५० को दरले बितरण गरेको छ । जिल्ला शिक्षा कार्यालयले यसको अनुगमन गरेको छैन । कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार नै ती छात्रबृत्तिहरु बितरण गर्नु गराउनु पर्दछ ।

४. **पाठ्यपुस्तकको रकम निकासा** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ को दफा २.९.१.१.१ अनुसार बिद्यालय निरिक्षक तथा श्रोत व्यक्तिहरुबाट प्रमाणित गराई निशुल्क बिवतरण गरिने पाठ्यापुस्तकहरुको तथ्यांक संकलन गरी निजहरु समेतको संयुक्त बैठकबाट बिद्यार्थी संख्या एकिन

गरेर प्रति बिद्यार्थि लागत अनुमानको आधारमा निशुल्क पाठ्यपुस्तकको रकम बिद्यालयहरुलाई निकासा दिनुपर्ने व्यवस्था छ । फ्ल्यास रिपोर्ट लाई समेत आधार नलिई यस बर्ष कक्षा १ देखि १० सम्मको पाठ्यपुस्तकको लागि रु. १ करोड ९५ लाख १४ हजार निकासा दिएको छ । तर कार्यालयले नेपाल सरकारबाट निर्धारीत प्रति सेट लागतको आधारमा नभई बार्षिक कार्यक्रममा उल्लेखित बजेट र संख्याको आधारमा निकासा दिदा सरकारले तोकेको भन्दा बढी दरले निकासा हुन गई रु.१५ लाख ८९ हजार ती बिद्यालयहरुमा पछि गरिएको निकासाबाट कट्टा गरेको छ । तर घटी बढी हुन गएको पुस्तक संख्यालाई समायोजन गरेको छैन । श्रोत केन्द्रहरु मार्फत सजिलै प्राप्त गर्न सकिने तथ्यांक संकलनको काम समेत नगर्दा पाठ्यपुस्तक वितरण कार्य व्यवस्थित हुन नसकेकोले कँही पुस्तक बढी हुने र कँही नपुग भएको अवस्था छ । निर्धौरित कार्यबिधि पुरा गरेर मात्र पाठ्यपुस्तकको रकम निकासा दिनु पर्दछ ।

फ्ल्याास रिपोर्ट अनुसारको संख्यामा पुस्तक खरिद गर्नु पर्नेमा सिर्जना प्रा.बि.बाकामलाङ्गमा कक्षा १-३ मा ५० जना बिद्यार्थि उल्लेख गरिएकोमा सो बिद्यालयले ३९ सेट पुस्तक खरिद गरेको छ । त्यसैगरी अंशुबर्मा मा.बि. सहलकोटको बिद्यार्थि संख्या २०८ देखाइएकोमा रु.८९ हजारमा २१७ सेट पुस्तक खरिद गरेको छ । बिद्यार्थि संख्याको आधारमा पुस्तक खरिद गर्नु पर्दछ ।

५. **कार्यक्रम बिपरीत निकासा :** बिद्यालयहरुको लागि दिइने सबै रकमहरु बिद्यालय क्षेत्र बिकास कार्यक्रम अन्तर्गत समाबेश गरी दिनुपर्नेमा सरकारी निकाय, समिति, बोर्डहरुलाइ अनुदान शिर्षक अन्तर्गत शिक्षा मन्त्रालयले २०७३।३।२२ मा पठाएको अख्तियारी तथा कार्यक्रम अनुसार २०७३।३।२८ मा १२ बिद्यालयहरुलाई कुनै ६ मध्ये १ काम संचालन गर्न रु.६६ लाख निकासा दिएको छ । प्राथमिकता निर्धारण, आवश्यकता पहिचान तथा जिल्ला शिक्षा कार्यालयको माग बेगर मन्त्रालयले रकम पठाएको छ । सो रकमबाट लेखापरीक्षणको समय २०७३ पौष सम्म कुनैपनि बिद्यालयहरुले काम गरेको विवरण कार्यालयमा पेश भएको देखिएन । आ.ब. २०७३।७४ मा समेत यस प्रकारको रु.१ करोड ५ लाखको अख्तियारी प्राप्त भई सकेको छ । प्रचलित ऐन नियम बिपरीत अख्तियारी दिने कार्य नियन्त्रण गर्नु पर्दछ ।

६. **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) अनुसार निर्माण कार्य सम्पन्न भए पछी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । काम शुरु नगरी थप निकासा दिने, अनुगमन नगर्ने आदी कारणबाट कार्यालयले यस आ.ब.मा विद्यालय भवन तथा विभिन्न भौतिक निर्माणका लागि निकासा दिएको रकम मध्ये २०७३ पौष सम्म रु. ५ करोड ५३ लाख ५० हजारको काम अधुरो रहन गएकोले सो को कार्यसम्पन्न प्रतिबेदन पेश हनु पर्दछ ।

अर्गेलीमा रहेको एक बिद्यालयको ४ कोठे भवन निर्माण कार्यको निरिक्षण गर्दा डि.पि.सि. सम्म काम भएको तर हाल काम चालु नरहेको पाइयो । प्रधानाध्यापकको भनाई अनुसार बिद्यालयले आफै गराउनु पर्ने काम ज्याला ठेक्काबाट गराएको जानकारी प्राप्त भयो ।

७. **गाडी खरिद :** सार्वजनिक खरिद ऐन २०६३ मा सार्वजनिक खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनु पर्ने उल्लेख छ । गाडी खरिदको स्पेसिफिकेसन तयार गर्दा सबै प्रकारका गाडीलाई मिल्ने प्रकृतिको तयार गरी प्रतिस्पर्धा गर्नुपर्नेमा स्कर्पियो पिकअपको स्पेसिफिकेसन स्वीकृत गरी बोलपत्र आह्वान गरेकोले एक मात्र बोलपत्र पर्न गई लागत अनुमान रु.३३ लाख ९५ हजारमा एक आपूर्तिकर्ताबाट गाडी खरिद गरेको देखिदा प्रतिस्पर्धा भएको छैन । अनिवार्य रुपले प्रतिस्पर्धा गराई खरिद गनु पर्दछ ।

८. **बढी निकासा दिएको** : शिक्षकहरु कार्यरत रहेको अवधिको लागि कार्यरत बिद्यालयमा निकासा दिनु पर्नेमा अवकास पछि भुक्तानी दिएको, सरुवा भएपछि साबिकको बिद्यालयमा निकासा दिएको, दिनु पर्ने भन्दा बढी निकासा दिएको रु.४ लाख ८५ हजार ९ शिक्षक तथा २ बिद्यालयहरुबाट असुल गर्नु पर्ने व्यहोरा औल्याएकोमा असुल भइ आएको छ ।

९. **एस.एल.सी. परिक्षा** : एस.एल.सि. परिक्षाका उत्तर पुस्तिका परिक्षण तथा सम्परिक्षण निर्देशिका अनुसार परिक्षण गरिएका उत्तरपुस्तिका मध्ये कम्तिमा २० प्रतिशत उत्तरपुस्तिका सम्परीक्षण गर्नुपर्ने व्यवस्था छ । २० प्रतिशत उत्तरपुस्तिका सम्परीक्षण गर्दा कमी कमजोरी देखिएमा संख्या बढाउन सकिन्छ । तर कमि कमजोरी देखिएको वा नदेखिएको बिषयमा केही उल्लेख नै नगरी बिगत देखि नै शतप्रतिसत उत्तरपुस्तिका सम्परीक्षण गरेको देखाई यस बर्ष ९४९१९ उत्तर पुस्तिकाको प्रति उत्तर पुस्तिका रु.५ का दरले जम्मा रु.४ लाख ७५ हजार भुक्तानी गरेको छ । २० प्रतिशत भन्दा बढी उत्तर पुस्तिका सम्परीक्षण खर्च रु.३ लाख ८० हजार असुल गर्नु पर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **न्यून बजेट खर्च** : एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रममा रु.३७ लाख ४८ हजार बजेट बिनियोजन भएकोमा ४४ प्रतिशत, क्षयरोग नियन्त्रण कार्यक्रममा ५३ हजार बजेट बिनियोजन भएकोमा शुन्य प्रतिशत र एड्स तथा यौन रोग कार्यक्रममा रु.१ लाख २९ हजार बजेट बिनियोजन भएकोमा ४१ प्रतिशत खर्च भएको छ ।

१०. **आन्तरीक नियन्त्रण** : तत्कालीन लेखा अधिकृतले आर्थिक बर्षको बीचमै राजीनामा पछि केही समय सो पद खाली रही डिभिजन सडक कार्यालयको लेखापालबाट खाता संचालन गरिएको, हालपनि लेखापालको दरबन्दी रिक्त रहेको, २०७२।७३ मा खरिद भएका फर्निचर लगाएतका अन्य केही सामानहरुको लेखापरीक्षणको सिलसिलामा जिन्सी दाखिला र खर्च गरिएको, कार्यालयले संक्षिप्त बाार्षिक प्रतिबेदन तयार नगरेको, बेरुजु लगत राख्ने र अद्यावधिक गर्ने काम नभएको, स्टोर निरीक्षण गर्दा स्वास्थ्य सेवा बिभाग र क्षेत्रीय एवं केन्द्रीय मेडिकल स्टोरबाट प्राप्त केही औषधीहरु स्वास्थ्य संस्थाहरुमा बितरण नगरी स्टोरमा मौज्दात राखेको, धरौटीको बैक नगदी किताबमा देखाएको आम्दानी अंक आर्थिक विवरणसँग नभिडेको, कार्यालयले आफै खरिद गरेका औषधीहरु समयमै र्‍याकमा राख्नु पर्नेमा कार्टुनमै राखेको, हस्तान्तरण भई आएका औषधीहरुको मुल्य नखुलेका र १८ जना कर्मचारीलाई तलबी प्रतिबेदन पारित बेगर तलब भुक्तानी दिएको जस्ता व्यहोरा देखिएकाछन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **औषधी खरिद** : यस बर्ष टेण्डरबाट रु.५१ लाख ८३ हजारको औषधी खरिद गरेको छ । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् ।

२.१. दोश्रो पटक गरेको टेण्डर फाईल र संझौताहरु लेखापरीक्षणको सिलसिलामा पेश भएन । त्यसको परिणाम स्वरुप खरिद गरेका औषधी संझौतानुसारको समय र गुणस्तरमा प्राप्त भए नभएको एकिन गर्न सकिएन ।

२.२. औषधी आपूर्ति गर्ने संझौताको दफा ५.१ अनुसार गुणस्तर परीक्षण गरी औषधी प्राप्ती गर्नु पर्नेमा गुणस्तर परीक्षण नगरी प्राप्त गरेको छ। औषधी जस्तो मानव स्वास्थ्य सँग सम्बन्धित संबेदनसिल बस्तु परीक्षण नगरी खरिद गर्नु हुदैन ।

२.३. **औषधी आपूर्तिमा ढिलाइ** : औषधी आपूर्ति गर्ने आपूर्तिकर्ताहरुसँग भएको संझौताको दफा १३.१ अनुसार आपूर्तिमा ढिलाई भएमा हर्जाना लगाउने व्यवस्था छ। एक फार्मेसीसंग रु. १० लाख २४ हजारको औषधी एक महिना भित्र सप्लाई गर्ने गरी २०७२।१०।१७ मा संझौता भएकोमा प्राप्त औषधीको चेक जाँच २०७२।११।३० मा भएको देखिदा १३ दिन ढिलाई भएकोले संझौताको दफा १३.१ अनुसार हर्जाना रु. ७ हजार असुल गर्नु पर्दछ । त्यसैगरी अर्को एक आपूर्तिकर्ताबाट २०७२।१८।१० को संझौता अनुसार १ महिना भित्र पठाउनु पर्ने औषधीहरु २०७३।३।१५ मा मात्र चेकजाँच भएको देखिएकोले संझौताको दफा १३.१ अनुसार हर्जाना रु.१५ हजार ३ सय ९४ असुल गर्नु पर्दछ ।

२.४. **औषधी बितरण** : कार्यालयमा खरिदको अतिरिक्त स्वास्थ्य सेवा बिभाग, केन्दीय तथा क्षेत्रीय मेडिकल स्टोरहरुबाट ४५ पटक बिभिन्न प्रकारका औषधीहरु प्राप्त भएको पाइन्छ। प्राप्त औषधीहरु मध्ये जिलला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकिहरुमा क्रमश: ७०, ३५ र ५८ प्रकारका औषधीहरु समानुपातीक रुपले समयमै बितरण गर्नु पर्नेमा कुन स्वास्थ्य संस्थालाई के कति रकमको औषधी बितरण गर्ने भन्ने मापदण्ड बिगतमा लागू भए पनि हाल मापदण्ड नै नभएको व्यहोरा कार्यालयबाट जानकारी भयो। प्राप्त औषधीहरु कार्यतालीका बनाई स्वास्थ्य संस्था सम्म ढुवानी गर्न रु.५ लाख ५० हजार बजेट तथा खर्च भएपनि गाडी भाडामा लिइ ढुवानी नगरी स्वास्थ्य संस्थाबाट आउने कर्मचारीसँग फुटकर रुपले बसको ढुवानी भाडा दिई पटक पटक पठाउने गरेको छ। साथै कार्यालयमा रहेको एक पिकअप गाडी औषधी ढुवानीमा पनि प्रयोग भएको छैन। यस्तो प्रक्रियाबाट स्वास्थ्य संस्थाहरुमा पटक पटक औषधी अभाव हुन जाने भएकोले पाल्पा जस्तो सुगम जिल्लामा स्वास्थ्य संस्था सम्म औषधीको डेलिभरी दिनु पर्दछ। खरिद गरेका औषधीहरु म्याद भित्र प्राप्त नहुने र ढिलाई गर्नेलाई कारबाही नगर्ने अभ्यासले समेत वितरण कार्यलाई व्यवस्थित बनाउन नसकेको स्थिति छ।

३. **निशुल्क औषधी** : यस कार्यालयले वितरण गर्ने सबै औषधीहरुमा निशुल्क बितरणका लागि भन्ने उल्लेख गर्नुपर्नेमा कार्यालयको औषधीको स्टोर निरिक्षण गर्दा नेसेप्रो, बुस्कोपान, पिजोल, सिटामोल, एमोक्सीलिन, सिप्रोफलक्सीन आदी औषधीहरुमा उक्त व्यहोरा उल्लेख गरेको पाइएन। बिभागीय नीति पालना गरी औषधी खरिद गर्नु पर्दछ।

४. **अग्रिम कर** : एक आपूर्तिकर्ताबाट न्यानो झोला १७५० सेट खरिद गरी रु. १५ लाख ६६ हजार भुक्तानी दिएकोमा आयकर ऐन २०५८ अनुसार अग्रिम कर कट्टा नगरेको रु. २१ हजार असुल गर्नु पर्दछ।

५. **मौज्दात** : एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रमबाट रु.८ लाख ४१ हजारको फर्निचर खरिद गरेको छ। मातहतका स्वस्थ्य संस्थाहरुमा समेत वितरण गर्नु पर्ने फर्निचर मध्ये रु.५ लाख ७५ हजारका फर्निचर खरिद गरेको ७ महिना व्यतित भइ सक्दा पनि वितरण नगरी मौज्दात राखेकोमा बेरुजु औल्याए पछि बितरण गरेको जानकारी प्राप्त भयो।

६. **नियुक्ती** : सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत सुँढेनी तालीम प्राप्त १२ जना अ.न.मी.हरु श्रावण देखि नियुक्ती गर्न रु.२३ लाख ४ हजार बजेट बिनियोजन गरेकोमा पौष महनिा देखि २४ जना नियुक्ती गरी रु. २० लाख १६ हजार खर्च गरेको छ। समयमा नियुक्त नगर्दा ५ महिना सम्म लक्षित बर्गले सेवा प्राप्त गर्न सकेको छैन। समयमै नियुक्त गर्नु पर्दछ।

७. **बढी भुक्तानी** : राष्ट्रिय स्वयंसेवक सेवा बालुवाटारबाट नियुक्त एक कर्मचारीलाई करार अवधी २०७२।१०।१९ मा समाप्त भए पछि फाल्गुण सम्मको निर्बाह भत्ता बढी भुक्तानी दिएको रु. १५ हजार असुल गर्नु पर्दछ।

८. **असुली** : महिला स्वास्थ्य स्वयं सेबिका ६१५ जनाको अभिमूखिकरण तालीम संचालन गरी स्टेसनरीमा रु.७० हजार ४ सय खर्च लेखेकोमा ८९ जनाको लागि बढी खर्च लेखेको रु. ९ हजार, एक कर्मचारीले २०७२।१०।११ मा लिएको पेश्की रु. ३३ लाख २२ हजार फछ्र्यौट गर्दा बचत भएको रकम आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ७५ अनुसार ३५ दिन भित्र फिर्ता गर्नु पर्नेमा २०७३।२।१८ मा मात्र फिर्ता दाखिला गरेकोले १० प्रतिशतका दरले व्याज रु ७ हजार, सरुवा रोग तथा माहमारी नियन्त्रण तालीम संचालन गर्दा ९८ जना सहभागी भएको अवस्थामा २५४ जना लाई रु.५० का दरले स्टेसनरी खर्च लेखेकोले बढी खर्च गरेको रु ९ हजार, एक कर्मचारी मिति २०७३।३।२६ मा अवकास भएकोमा आषाढ महिनाको ५ दिनको तलब बढी भुक्तानी

भएको असुल गर्ने रु. ६ हजार, औषधी ढुवानी गर्दा रु. ३२ हजार २ सय भुक्तानी दिएकोमा १० प्रतिशतले हुने कर रु ३ हजार समेत रु ३४ हजार असुल गर्नु पर्दछ ।

९. **धरौटीको हिसाब** : नेपाल सरकारको लेखा प्रणाली अनुरुप धरौटीको बैंक नगदी किताव राख्नु पर्ने र सो किताव अनुसारको हिसाब आर्थिक विवरण सँग मिल्नु पर्नेमा आर्थिक विवरणमा धरौटी आम्दानी रु. ५ लाख ५५ हजार देखाएकोमा बैंक नगदी कितावको रु.५ लाख ९ हजार देखाएकोले फरक हिसाब रु.४६ हजार मिलान हुनु पर्दछ ।

१०. अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ अनुसार कार्यालयलाई प्राप्त हुने राजस्व नगदी रसिद/बैङ्क भौचरका अधारमा गोश्वारा भौचर तयार गरी लेखा राख्नु पर्नेमा बैंक स्टेटमेण्टका आधारमा रु. ६ लाख २८ हजारको लेखा राखेको छ ।

## जिल्ला प्रशासन कार्यालय

१. **आन्तरीक नियन्त्रण व्यवस्था :** कार्यालयको उद्देश्य प्रभावकारी रुपले हाँसिल गर्ने उद्देश्यले संभावित जोखिमहरु न्युनिकरण गर्न कानुनबाटै आन्तरीक नियन्त्रण प्रणालीको व्यवस्था गरिएको छ । सम्बन्धित सचिव/बिभागीय प्रमुखले अख्तियारी प्राप्त भएको १५ दिन भित्र मातहतका कार्यालयलाई अख्तियारी दिनुपर्नेमा २ बजेट उप शिर्षकको रु. २ लाख ६५ हजारको अख्तियारी आषाढ महिनामा पठाएको, जिन्सी निरिक्षण प्रतिबेदन कार्यान्वयन नभएको, कर्मचारीको भ्रमण तथा सो को खर्चको अभिलेख नराखेको, रु.१० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना नबनाएको, गाडी मर्मतका लागि खरिद गरिएका कतिपय सामान दाखिला नगरेको आदी कारणले कारणले आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको छैन । कानुनको परिपालना गरी आन्तरीक नियन्त्रण प्रणालीको यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन र सेवा प्रबाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

२. **पेश्की :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ७४(३) अनुसार तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । जिल्ला दैबि प्रकोप उद्धार कोषतर्फ आर्थिक बर्षको अन्त सम्म १५ गा.बि.स.को नाममा बाँकी रहेको पेश्की रु.४५ लाख ७० हजार सोही नियम अनुसार फछ्र्यौट गर्नु पर्दछ ।

## जिल्ला प्रहरी कार्यालय

१. **कार्य सम्पन्न प्रतिबेदन :** हुँगी प्रहरी चौकी पाल्पाको भवन निर्माण गर्न एक निर्माण व्यावसायीसँग रु.१ करोड ७३ हजार ठेक्का भएको थियो । २०७२।७३ को भुक्तानी रु.३७ लाख ९८ हजार समेत जम्मा रु.९६ लाख ५७ हजार को काम भई रु.४ लाख १६ हजार को काम हुन बाकी देखिनुका साथै कार्य सम्पन्न प्रतिबेदन समेत तयार गरेको छैन ।

२०७०।३।२९ मा काम शुरु गरी २०७१।४।२ मा सम्पन्न गर्नुपर्नेमा नगरी २०७३।३।२९ सम्म पटक पटक म्याद थप गर्दा पनि काम सम्पन्न नगर्दा कार्यालयले ठेक्का अंकको १० प्रतिशतका दरले हर्जाना समेत कट्टा गरेको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ अनुसार काम अधुरो राख्ने निर्माण व्यावसायीको जमानी रकम जफत गरी बाकी काम गर्न लाग्ने रकम असुल गर्ने व्यवस्था भएकोले सोही अनुसार जमानीको अतिरिक्त कार्यालयमा मौज्दात धरौटी रु.४,१६,१४३।०० समेत जफत गरी अधुरो काम पूरा गराई सम्झौताको दफा ५९ अनुसार कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालय पठाउनु पर्दछ ।

## चण्डी प्रसाद गण

१. **खरिद व्यवस्थापन** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२)मा निकायले प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने तथा नियमावली २०६४ को नियम १९ (१) मा मु.अ.कर दर्ता भएका फर्मबाट खरिद गर्नुपर्ने उल्लेख छ । यस गणले भवन निर्माण गर्न यस बर्ष प्राप्त बजेटबाट ढुंगा, माटो, बालुवा, गिट्टी आदी रु.९ लाखको सामग्रीहरु भ्याट दर्ता नभएको एक निर्माण व्यावसायीबाट टुका पारी सोझै खरिद गरेको छ । अनियमित रुपले खरिद गर्ने कार्य नियन्त्रण गर्नु पर्दछ ।

## महिला तथा बालबालिका कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयको उद्देश्य प्राप्तिको लागि संभावित जोखिमहरु घटाउन कार्यालयले उपयुक्त आन्तरीक नियन्त्रण प्रणालीको स्थापना तथा कार्यान्वयन गर्नु पर्दछ । यस अन्तर्गत विभिन्न ऐन नियमहरुले व्यवस्था गरेका आन्तरिक नियन्त्रण गतिविधि मध्ये कर्मचारीहरुले गरेको भ्रमण तथा सोको खर्चको अभिलेख नराखेको, जिन्सी निरिक्षण प्रतिबेदनमा उल्लेखित सामानहरुको लिलाम, मर्मत, संभार गर्ने र मुल्य खुलाउने कार्य नगरेको, रु.१० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना नबनाएको, कार्यक्रम संचालन गरी शतप्रतिशत प्रगती हासिल गर्नु पर्नेमा लैगिंकतामा आधारित शोषणको रोकथाम तथा निगरानिमा ५५ प्रतिशत र संकटापन्न बालबालिकाको पारिवारिक संरक्षण सेवामा ६६ प्रतिशत प्रगती हासिल गरेको र संचालित कार्यक्रमहरुको कार्यक्रम गत खाता नराखेको जस्ता व्यहोरा देखिएकाछन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **अनुदान वितरण** : महिला विकास कार्यक्रम संचालन मार्ग दर्शन को आ-घ (२३) को व्यवस्था अनुसार अनुदान प्राप्त गर्ने संस्थाले अनुदानबाट गरेको कामको लेखापरीक्षण प्रतिबेदन पेश गर्नु पर्ने व्यवस्था भएकोमा विन्दबासिनी महिला बचत तथा ऋण सहकारी संस्थालाई रु.३ लाख भवन निर्माण तथा अन्य अनुदान दिइएको रकमको सो संस्थाले लेखापरिक्षण प्रतिवेदन पेश नगर्नुको साथै कार्यालयले अनुगमन समेत गरेको देखिएन ।

३. **पुर्वनिर्धारित क्षतिपूर्ती** : कार्यालय भवन निर्माण गर्न एक निर्माण व्यावसायीसंग रु.९५ लाख ३५ हजारमा २०६८।११।२१ मा संझौता भएको थियो । उक्त काम २०७०।२।३० भित्र सम्पन्न गर्नु पर्नेमा २०७३।६।३० सम्म ६ पटक हर्जना नलगाइ म्याद थप गरी हाल सम्म रु.६५ लाख ५ हजारको काम भई अधुरो रहेको छ । व्यावसायीको ढिलासुस्तीको कारण भवन निर्माणमा ढिलाई भएकोले संझौताको दफा ४७.१ अनुसार ठेक्का अंकको १० प्रतिशतका दरले रु.८ लाख ४३ हजार हर्जना कट्टा गर्नु पर्नेमा रु.३ लाख ३९ हजार कट्टा गरेकोले नपुग रु.५लाख ४ हजार असुल गर्नु पर्दछ ।

३.१. उक्त व्यावसायीले २ बर्षमा सम्पन्न गर्नु पर्ने काम ५ बर्ष सम्म पनि सम्पन्न नगरेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ (१)(ग) अनुसार कालो सुचीमा राखी दफा ५२ क(छ) अनुसार कार्य सम्पादन जमानत रु.४ लाख ७७ हजार जफत गर्नु पर्दछ ।

३.२. विमा खर्च रु.७२ हजार भुक्तानी गरिएकोमा बिल र विमा पोलिसी पेश नभएकोले तत्कालिन समयको बिल र पोलिसी पेश गर्ने अन्यथा निर्माण व्यावसायीबाट असुल गर्नु पर्दछ ।

## रामपुर अस्पताल

१. **आन्तरिक नियन्त्रण प्रणाली:-** कार्यालयको उद्देश्य प्राप्तिको लागि संभावित जोखिमहरु घटाउन कार्यालयले उपयुक्त आन्तरीक नियन्त्रण प्रणालीको स्थापना तथा कार्यान्वयन गर्नु पर्दछ । यस अन्तर्गत विभिन्न ऐन नियमहरुले व्यवस्था गरेका आन्तरिक नियन्त्रण गतिविधि मध्ये कर्मचारीहरुले गरेको

भ्रमण तथा सोको खर्चको अभिलेख नराखेको, सचिव र बिभागीय प्रमुखले अख्तियारी प्राप्त भएको १५ दिन भित्र मातहतका कार्यालयलाई अख्तियारी दिनुपर्नेमा रु.२ लाखको अख्तियारी आषाढ महिनामा आएको, जिन्सी निरिक्षण प्रतिबेदनमा उल्लेखित सामानहरुको लिलाम, मर्मत, संभार गर्ने र मुल्य खुलाउने कार्य नगरेको, खरिद आदेश र दाखीला प्रतिवेदनमा सिलसिलेवार नम्बर नराखेको, तालुक कार्यालयले निरीक्षण गर्नु नगरेको, कार्यविवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, रु.१० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना नबनाएको, रु.५हजार भन्दा बढी रकमको मालसामान खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता फर्महरुसंग खरिद नगरेको र चल्ती मेशिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ नराखेको जस्ता व्यहोरा देखिएकाछन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **बढि भुक्तानी** : एक कर्मचारीलाई  तलब भुक्तानी गर्दा बढि भुक्तानी भएको रु.११ हजार असुल गर्नु पर्दछ ।

## कृषि विकास कार्यालय

१. **न्यून बजेट खर्च** : बागबानी विकास कार्यक्रममा रु.५ लाख ४८ हजार बजेट बिनियोजन भएकोमा ४० प्रतिशत खर्च भएको छ । स्वीकृत कार्यक्रम समयमा सम्पन्न गरी खर्चको स्तर बृद्धि गर्नु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयको उद्देश्य प्राप्तिको लागि संभावित जोखिमहरु घटाउन कार्यालयले उपयुक्त आन्तरीक नियन्त्रण प्रणालीको स्थापना तथा कार्यान्वयन गर्नु पर्दछ । यस अन्तर्गत विभिन्न ऐन नियमहरुले व्यवस्था गरेका आन्तरिक नियन्त्रण गतिविधि मध्ये लिलाम, मर्मत, संभार नगरेको, रु.१० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना नबनाएको, सचिव र बिभागीय प्रमुखले अख्तियारी प्राप्त भएको १५ दिन भित्र मातहतका कार्यालयलाई अख्तियारी दिनुपर्नेमा रु.२२ लाखको अख्तियारी आषाढ महिनामा पठाएको र यस वर्ष संचालित १२ कार्यक्रम मध्ये मत्स्य विकास, कफि विकास र नेपाल व्यापार एकीकृत रणनीति कृषि कार्यक्रममा कम प्रतिशत प्रगति गरेको जस्ता व्यहोरा देखिएकाछन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३. **युवा लक्षित कार्यक्रम** : अन्तर्गत ६० जना युवाहरुलाई कम्तीमा ५ रोपनी जग्गामा तरकारी खेती गर्न लगाई आयस्तर बृद्धि गराउन ४० हजारका दरले २४ लाख अनुदान दिएको देखियो । भुक्तानी दिएको रकम संझौता अनुसार निर्धारित उद्धेशय पुरा गर्न प्रयोग भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नु पर्नेमा गरेको छैन ।

४. **उपभोक्ता सम्बन्धि कार्य** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट गराएको कार्यको भुक्तानी गर्दा प्राविधिक मुल्याकंन, बिल भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समुदायको बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्ने र कार्य सम्पन्न भएपछि उपभोक्ता समितिलाई काम हस्तान्तरण गर्नु पर्ने व्यवस्था भएकोमा सहलकोट कृषि संकलन केन्द्र र बोटे गाउँ कृषि सहकारी संस्था लाई निकासा दिएको रु.७ लाख ९८ हजार को उपरोक्त अनुसारको प्रकृया पुरा गरेको छैन ।

५. **दरभाउ पत्र** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) ख अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै फर्मसंग बढिमा ३ लाख सम्मको मालसामान खरिद गर्न सक्ने व्यवस्था रहेकोमा  कार्यालयले बिभिन्न ३ सप्लायरसँग सो भन्दा बढि समेत हुने गरी रु. २६ लाख ९० हजार सोझै खरिद गरेको छ । नियमको पालना गरि खरिद गर्नु पर्दछ ।

## कारागार कार्यालय

१. **न्यून बजेट खर्च :** गत विगतको बायोग्यास प्लान्टको आम्दानी रु.४ लाख १ हजार विविध खातामा मौज्दात राखेको छ । उद्देश्य अनुसार उक्त रकम खर्च गर्नु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली: -** कार्यालयको उद्देश्य प्राप्तिको लागि संभावित जोखिमहरु घटाउन कार्यालयले उपयुक्त आन्तरीक नियन्त्रण प्रणालीको स्थापना तथा कार्यान्वयन गर्नु पर्दछ। यस अन्तर्गत विभिन्न ऐन नियमहरुले व्यवस्था गरेका आन्तरिक नियन्त्रण गतिविधि मध्ये भ्रमण तथा सोको खर्चको अभिलेख नराखेको, जिन्सी निरिक्षण प्रतिबेदनमा उल्लेखित सामानहरुको लिलाम, मर्मत, संभार नगरेको, रु.१० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना नबनाएको, चल्तीका मेशिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ नराखेको र संक्षिप्त बार्षिक एवं कार्यसम्पादन प्रतिवेदन नबनाएको जस्ता व्यहोरा देखिएकाछन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३. **सोभ्कै खरिद र अग्रिम कर:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार १० लाख रुपैयाँ भन्दा बढि लागत अनुमान भएको मालसामान खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा कार्यालयले बन्दीहरुको लागी रु.३५ लाख ८६ हजारको चामल खाद्य संस्थान बाट सोभ्कै खरिद गरेको छ । उक्त नियम अनुसार प्रतिशपर्धा गराई मितव्ययी ढंगले खरिद गर्नु पर्दछ । साथै आयकर ऐन २०५८ को दफा ८८ अनुसार कट्टा नगरेको अग्रिम कर रु.५४ हजार असुल गर्नु पर्दछ ।

४. **जिन्सी लेखा** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ बमोजिम हस्तान्तरण भइ प्राप्त माल सामानको मुल्य खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँध्नु पर्नेमा शहरि विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय पाल्पा बाट हस्तान्तरण भइ आएका ९० थान खाटको जिन्सी आम्दानि बाँधेको छैन ।

५. **शिर्षक फरक पारी भुक्तानी** : कार्यालयका कर्मचारीहरु सरुवा भै आउँदा र जाँदा खर्च शिर्षक २२६१२ बाट भ्रमण खर्च भुक्तानी दिनुपर्नेमा खर्च शिर्षक २७१११ (सामाजिक सुरक्षा अनुदान) बाट रु.६५ हजार भुक्तानी दिएकोले अनियमित भुक्तानी नियन्त्रण गर्नु पर्दछ ।

## स्थानिय विकास कोषको सचिवालय

१. **आन्तरीक नियन्त्रण व्यवस्था** : यो बर्ष निकायले देहायको कानुनको परिपालना गरेको छैन । कानुनको परिपालना नगरेको कारणले आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको छैन । कानुनको परिपालना गरी आन्तरीक नियन्त्रण प्रणालीको यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन र सेवा प्रबाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

- स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५८(ञ) मा स्थानीय निकाय अर्न्तगतका कर्मचारीको बार्षिक तलवी प्रतिवेदन पारीत गरी तलव खर्च लेख्नुपर्ने व्यवस्था भएकोमा तलवि प्रतिवेदन पारीत नगरी रु.१० लाख ५६ हजार खर्च लेखेको छ ।
- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार खर्च भएको सवै रसिद, विल भरपाईमा भुक्तानी भएको छाप लगाउनु पर्ने व्यवस्था रहेकोमा सो को पालना गरेको छैन ।
- आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ मा निकायले अनुसुची २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नु पर्नेमा सो बमोजिम तयार गरेको पाइएन ।

- शान्ति, सामाजिक द्वन्दको समाधान र अग्रगमन तथा ग्रामिण बिकास कार्यक्रम अन्तर्गत अनुदान दिएको रकम बिगत देखि बेरुजु औंल्याईएकोमा त्यसको समाधान भएको छैन ।

## पाल्पा अस्पताल बिकास समिति

१. **आन्तरीक नियन्त्रण व्यवस्था** : यस मितिले आर्थिक कार्यबिधि नियमावली २०६४ अनुसार जिन्सी निरिक्षण नगरेको र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद योजना नबनाएकोले कानुनको परिपालना गरेको छैन। कानुनको परिपालना नगरेको कारणले आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी हुन सकेको छैन । खरिद योजना नबनाएको हुदा कानुनको परिपालना गरी आन्तरीक नियन्त्रण प्रणालीको यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन र सेवा प्रबाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

२. **फार्मेसी संचालन नगरेको** : स्वास्थ्य मन्त्रालयले अस्पतालमा फार्मेसी संचालन गर्ने गरेको निणर्य अस्पतालहरुले कार्यान्वयन गर्नु पर्दछ। परिपत्र जारी गरी अस्पताल सुदृढीकरण कार्यक्रम अन्तर्गत सो को लागि आवश्यक पर्ने बजेट समेत उपलब्ध गराई सो बजेटबाट रु.१ लाख ९४ हजारको औषधी खरिद गरेको र फार्मेसी संचालन गर्न रु.१ लाख ९४ हजारमा कोठा मर्मत संभार गरेको भए पनि २०७३ माघ सम्म फार्मेसीबाट औषधी बितरण गरेको देखिएन । पूर्वाधर तयार भई सकेकोले फार्मेसी संचालन गर्नु पर्दछ ।

३. अस्पताल सुदृढीकरणको बजेट भवन, उपकरण, औजार, फार्मेसी आदी सुदृढीकरण सम्बन्धि कार्यमा खर्च गर्नु पर्नेमा तकिया, कार्पेट, फिनाईल, कचौरा, प्लेट, कुकर, सोफासेट, लो बेड, स्टुल, एयरपोर्ट चेयर भाँडाकुँडा आदी रु. ४ लाख ४७ हजारको खरिदमा खर्च गरेको छ। यी खर्चहरुमध्ये कतिपय खर्चहरु अस्पताल बिकास समितिको निर्णय भित्र पनि पर्दैनन् । अस्पताल सुदृढीकरण कार्यक्रम तर्जुमा गरी ती कार्यक्रममा मात्र खर्च गर्नु पर्दछ ।

## त्रिभुवन बहुमुखी क्याम्पस

१. **आन्तरिक नियन्त्रण प्रणाली:** : क्याम्पसको उद्देश्य प्राप्तिको लागि संभावित जोखिमहरु घटाउन कार्यालयले उपयुक्त आन्तरीक नियन्त्रण प्रणालीको स्थापना तथा कार्यान्वयन गर्नु पर्दछ। यस अन्तर्गत विभिन्न ऐन नियमहरुले व्यवस्था गरेका आन्तरिक नियन्त्रण गतिविधि मध्ये बेरुजु फछ्यौट समिति गठन गरी नियमित बेरुजु फछ्यौट नगरेको, धरौटीहरु फरफारक गरी बास्तवीक धरौटी यकिन नगरेको, पुँजिगत सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी सम्पत्ति खाता राखी बर्षेनी ह्रास कट्टी गर्नुपर्नेमा नगरेको, पूँजिगत सम्पतिको प्रत्येक वर्ष भौतिक परीक्षण गरी अध्यावधिक लगत राख्ने, प्रतिवेदन दिने र प्रतिवेदन कार्यान्यिन नगरेको, रु.१० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना नबाएको, तालुक कार्यालयले निरीक्षण गर्नु पर्नेमा यस वर्ष निरिक्षण नभएको, नियमित शुल्क बाहेकको आम्दानी रु.४२ लाख ७९ हजारको १० प्रतिशत रु. ४ लाख २७ हजार त्रि.वि. पेन्शन कोषमा जम्मा नगरेको, कार्यादेश वेगर विज्ञापन गराई भुक्तानी दिएको, जिन्सी खातामा निकायका प्रमुखले प्रमाणित नगरेको, चल्ती मेशिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको, क्याम्पसबाट विगतका पेस्की रु ४४८३८४ फछ्यौंट नगरेको, सोझै खरिद गर्दा मौजूदा सूचीमा रहेका कम्तिमा ३ वटा आपूर्ति कर्तबाट लिखितरुपमा दरभाउपत्र माग गरी खरिद गर्नु पर्नेमा सुचिनै दर्ता नगरेको, शिक्षकहरुलाई अन्य विषयहरु पढाउन लगाइएकोले विशेषज्ञताको उपयोग नभएको, आन्तरिक राजस्व कार्यालयमा दर्ता भएका र सुचीकृत विक्रेताहरुबाट सामान खरिद नगरे जस्ता व्यहोरा देखिएकाछन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **असुली** : पोसाक भत्ता पाउने व्यवस्था नभएकोमा एक कर्मचारीलाई रु.३ हजार भुक्तानी दिएको, अग्रिम कर कट्टी नगरेको रु. २ हजार, विल भरपाई पेश भएको भन्दा बढि भुक्तानी भएको रु. ६ हजार समेत रु. ११ हजार असुल गर्नु पर्दछ ।

३. **धरौटी रकम** : क्याम्पसले तानसेन न.पा.२ स्थित बडिज्ञान सपिङ्ग कम्पलेक्स प्रतिशपर्धा बेगर सोभ्कै भाडामा दिएको छ । सम्भ्कौतापत्रमा बार्षिक १ महिनाको दरले हुन आउने रकम सम्भ्कौता हुने दिन धरौटी दाखिला गर्नु पर्ने रु.७१ हजार धरौटि दाखिला नगरेको बेरुजु विगत देखि औल्याए पनि सुधार गरेको छैन ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ४६ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार १२ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २६ मध्ये निम्न १४ कार्यालयको रु ६३,३१,४३१।०० बेरुजू बाकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | जिल्ला भु-संरक्षण कार्यालय | बिभिन्न | बजेट बजेट प्राप्त भएपछि लागत अनुमान तयार गर्ने गरेको, मौजुदा सुचीमा सुचिकृत भएका फर्मबाट खरिद नगरेको, योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको विवरण नराखी एकमुष्ठ लेखेको, आयोजना मुल्यांकन प्रतिबेदन तयार नगरेको, खरिद योजना तयार गरेको , कार्य स्वीकार प्रतिबेदन तयार नगरेको, उपभोक्ता समितिबाट भएका कामको खर्च प्रमाणित एबं अनुमोदन नभएकोमा भुक्तानी दिएको र भ्रमणमा गएका कर्मचरीले भ्रमण प्रतिबेदन पेश नगरेको | सैद्धान्तिक |
| २ | जिल्ला बन कार्यालय | बिभिन्न | कार्यक्रम तथा बजेट प्राप्त भए पछि लागत अनुमान बनाउने गरेको, खरिद योजना तयार नगरेको, मौजुदा सुचीमा सुचिकृत फर्मबाट खरिद नगरेको, पाँच हजार भन्दा बढीको मालसामान मु.अ.करमा दर्ता भएका फर्महरुसग खरिद नगरेको, जिन्सी निरिक्षण प्रतिबेदन कार्यान्वयन नभएको, मापदण्ड र नर्म्स बिना खर्च गरेको, बिभिन्न सामुदायीक बनका नयाँ तथा पुराना कार्य योजनाको अनुगमन नभएको, | सैद्धान्तिक |
| ३ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ३०५०१५४ | एक निर्माण व्यावसायीको मोबिलाइजेसन पेश्की रु. १५ लाख ५४ हजार फछ्र्यौट नगरेको | १५,५४,००० |
| ४ | घरेलु तथा साना उद्योग विकास कार्यालय | बिभिन्न | लक्ष्य अनुसार प्रगती हुन नसकेको, संचालित कार्यक्रमको अनुगमन प्रतिबेदन तयार नगरेको, बिलहरुमा भुक्तानीको छाप नलगाएको | सैद्धान्तिक |
| ५ | ईलाका प्रहरी कार्यालय,रामपूर | बिभिन्न | भ्रमण प्रतिबेदन तयार नगरेको, सवारी लग बुक नराखेको | सैद्धान्तिक |
| ६ | ईलाका प्रशासन कार्यालय, रामपूर | बिभिन्न | खरिदका लागि फर्महरुको मौजुदा सुची तयार नगरेको | सैद्धान्तिक |
| ७ | जिल्ला पशु सेवा कार्यालय | बिभिन्न | जिन्सी निरिक्षण प्रतिबेदन कार्यान्वयन नभएको, बिलहरुमा भुक्तानीको छाप नलगाएको, | शैदान्तिक |
| ८ | जिल्ला तथ्यांङ्क कार्यालय | बिभिन्न | बिलहरुमा भुक्तानी भएको छाप नलगाएको, भ्रमण अभिलेख खाता नराखेको, मौजुदा सुचिकृत फर्महरुबाट खरिद नगरेको, खरिद इकाई गठन नगरेको | शैदान्तिक |

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| ९ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | बिभिन्न | बजेट प्राप्त भएपछि लागत अनुमान तयार गर्ने गरेको, आयोजनाहरुको संभाव्यता अध्ययन नगरेको, मौजुदा सुचिकृत फर्महरुबाट खरिद नगरेको, तश्रो चौमासिकमा ठेक्कापट्ट गरेको, कार्य स्वीकार प्रतिबेदन तयार नगरेको, त्रुटी सच्याउने अवधी अगावै कार्य सम्पन्न प्रमाण पत्र जारी गर्ने गरेको ,प्राबिधिक मुल्यांकन खर्च समितिबाट अनुमोदन गर्नु पर्नेमा सो को पूर्ण पालना नभएको, कतिपय सम्पन्न आयोजनाहरु उपभोक्ता समितिलाई नै हस्तान्तरण नगरेको, उपभोक्ता समितिको म्याद थप गरी काम गराएको, कन्टिजेन्सी रु.१४ लाख १२ हजार खानेपानी बिभाग पठाएको, अनुगमन तथा भ्रमण प्रतिबेदन पेश नभएको, जिन्सी निरिक्षण प्रतिबेदन कार्यान्वयन नभएको, स्थान परिबर्तन गरी आयोजना सम्पन्न गरेको, माडीफाँटमा डिप बोरिङ्ग खा.पा.यो.को काम शुरु नभएको, | शैदान्तिक |
| | | | बढी भुक्तानी भएको दै.भ्र.भत्ता असुल गर्नु पर्ने | १६००।०० |
| | | | एक कर्मचारीले पेस्की फछ्र्यौट गर्दा अग्रिम कर दाखिला नगरेको | १३३१।०० |
| १० | मालपोत कार्यालय, पाल्पा | बिभिन्न | ऐनको व्यवस्था बिपरीत लामो समय देखि काजमा रहेको, मौजुदा सुची तयार नगरेको, स्थानीय निकायको सिफरिस बेगर जग्गा नामसारी हुदा थैली एकिन हुन नसकेको | शैदान्तिक |
| ११ | मालपोत कार्यालय, रामपूर | बिभिन्न | विल भरपाईमा भुक्तानी भएको छाप नलगाएको, भ्रमण अभिलेख खाता नराखेको, | |
| | | | रामपूरको एक आपूर्तिकर्ताको भुक्तानीमा अग्रिम कर कट्टा नगरेको | ४५००।०० |
| | | | एक निर्माण व्यावसायीको नाममा मो.पे. बाकी रहेको | ४७७०००० |
| १२ | बिशेष नापी कार्यालय | बिभिन्न | खरिद इकाई गठन नगरेको, भ्रमण अभिलेख खाता नराखेको | |
| १३ | सुन्तलाजात फलफुल बिकास केन्द्र | बिभिन्न | विल भरपाईमा भुक्तानी भएकाको छाप नलगाएको, अनुगमन तथा भ्रमण प्रतिबेदन पेश नभएको | |
| १४ | नापी कार्यालय, रामपूर | बिभिन्न | मु.अ.करमा दर्ता भएका फर्महरुसँग खरिद नगरेको र रसिद नियन्त्रण खाता नराखेको | |
| | | | **जम्मा** | **६३,३१,४३१।००** |

**(बामदेब शर्मा अधिकारी)**
**नायब महालेखारीक्षक**

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

## लेखापरीक्षण विधिः विस्तृत

(रु. लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला शिक्षा कार्यालय | १२९०० | ९९ | १ | १३ | १३०१३ |
| २ | शैक्षिक तालिम केन्द्र | ५०.८ | ०.०२७ | १.१८ | ० | ५२.००७ |
| ३ | सिंचाई बिकास डिभिजन | ५३८ | ०.०५६ | २०.५३ | ५ | ५६३.५८६ |
| ४ | डिभिजन सडक कार्यालय | ४८०० | ६८.७ | २५९ | ८३६ | ५९६३.७ |
| ५ | उत्तर दक्षिण कालिगण्डकी लोकमार्ग आ. | २९८२ | १०६ | २४ | ० | ३११२ |
| ६ | सहरी विकास तथा भवन निर्माण डि.का. | २१९६ | १५.२६ | ६७.२ | ३२.७ | २३११.१६ |
| ७ | जिल्ला प्रशासन कार्यालय | २६४ | ३२५ | ९.८५ | ५७९ | ११७७.८५ |
| ८ | जिल्ला प्रहरी कार्यालय | १०९२ | १.३२ | ० | ० | १०९३.३२ |
| ९ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५२.२ | ० | ० | ० | ५२.२ |
| १० | ससस्त्र प्रहरी बल गुल्म पाल्पा | ६१२ | ० | ६ | ० | ६१८ |
| ११ | कारागार कार्यालय | १८३ | १६ | ०.५ | ४ | २०३.५ |
| १२ | जिल्ला स्वास्थ्य कार्यालय | १६३८ | ६.२८ | ५.५४ | २५.९३ | १६७५.७५ |
| १३ | रामपुर अस्पताल | १६९ | ०.१ | ०.८५ | ० | १६९.९५ |
| १४ | जिल्ला प्राविधिक कार्यालय | ५८९ | ४.२५ | १०.५८ | ० | ६०३.८३ |
| १५ | जिल्ला विकास समिति | ० | १७.७७ | ० | ७१७८ | ७१९५.७७ |
| १६ | स्थानिय विकास कोषको सचिवालय | १९२ | ० | ० | ० | १९२ |
| १७ | जिल्ला कृषी विकास कार्यालय | १९३ | २ | २ | १६ | २०३.५ |
| १८ | महिला तथा बालबालिका कार्यालय | १६९ | १ | ०.८४ | ३० | १६९.९५ |
| १९ | चण्डी प्रसाद गण | २२९५ | ०.६५ | ११ | ० | २३०६.६५ |
| २० | त्रिभुवन ब. क्याम्पस | ० | ० | ० | ६८४ | ६८४ |
| २१ | पाल्पा अस्पताल बिकास समिति | ० | ० | ० | २७ | ० |
| | **जम्मा** | ३०९१५ | ६६३.४१३ | ४२०.०७ | ९४३०.६३ | ४१४२९.११ |

लेखापरीक्षण विधिः **आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा**

| क्र.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ८५ | ०.२१ | ०.०८५ | ० | ८५.२९५ |
| २. | मालपोत कार्यालय रामपुर | १०४ | ७० | १५५ | ० | ३२९ |
| ३. | नापी कार्यालय रामपुर | २७ | ५ | ० | ० | ३२ |
| ४. | मालपोत कार्यालय, तानशेन, पाल्पा | ९३ | २२५ | ० | ३३२ | ६५० |
| ५. | विशेष नापी कार्यालय, तानशेन, पाल्पा | २९८ | ०.१३ | ० | ० | २९८.१३ |
| ६. | जिल्ला पशुसेवा कार्यालय | ४११ | १ | २ | ५.८५ | ४१९.८५ |
| ७. | जिल्ला आयुर्वेद कार्यालय | १२४ | ०.०७२ | १.२९ | ० | १२५.३६२ |
| ८. | जिल्ला भु□संरक्षण | २४७ | ०.२५ | ०.१९ | ५.८ | २५३.२४ |
| ९. | जिल्ला बन कर्यालय | ३७३ | ३३ | ८ | १० | ४२४ |
| १०. | जिल्ला तथ्याङ्क कार्यालय | ४१ | ० | ० | ० | ४१ |
| ११. | घरेलु तथा साना उद्योग कार्यालय | १०२ | ४५ | ६ | २ | १५५ |
| १२. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १४७४ | २ | २७ | १६ | १५१९ |
| १३. | ईलाका प्रशासन कार्यालय रामपुर | ८ | ० | ० | ० | ८ |
| १४. | इलाका प्रहरी कार्यालय रामपुर | १३८ | ० | ० | ० | १३८ |

| क्र.स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १५. | सुन्तलाजात फलफुल विकास केन्द्र | ११० | १५.६२ | १ | ३ | १२९.६२ |
| १६. | जिल्ला ट्राफिक प्रहरी कार्यालय | ० | ६१ | ० | ० | ६१ |
| १७. | जिल्ला निर्वाचन कार्यालय | ४५ | ० | ६ | ० | ५१ |
| १८. | पाल्पा दरवार संग्राहलय | २.९ | ० | ० | ० | २.९ |
| १९. | पाल्पा जिल्ला अदालत | १५३ | १६ | ८२ | ० | २५१ |
| २०. | जिल्ला हुलाक कार्यालय | ३६८ | २१ | ८ | ० | ३९७ |
| २१. | डिभिजन सहकारी कार्यालय | ५३ | ०.३९ | ०.०४१ | ० | ५३.४३१ |
| २२. | जिल्ला बाल कल्याण समिति | १ | ० | ० | ० | १ |
| २३. | यातायात व्यवस्था कार्यालय | ३२ | ३४२ | ० | ० | ३७४ |
| २४. | नापी कार्यालय तानशेन | ५८ | ९ | ० | ० | ६७ |
| २५. | करदाता शेवा कार्यालय | ३२ | १६४० | ०.७८ | ० | १६७२.७८ |
| २६. | जिल्ला सरकारी वकील कार्यालय | २९ | ०.०१४ | ० | ० | २९.०१४ |
| | **जम्मा** | **४४०८.९** | **२४८६.६८६** | **२९७.३८६** | **३७४.६५** | **७५६७.६२२** |
| | **कूल जम्मा** | **३५३२४** | **३१५०** | **७१७** | **९८०५** | **४८९९७** |

अनुसूची २

# बेरुजूको स्थिति

(रु. हजारमा)

| क्र. स. | कार्यालयको नाम | सुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | जिल्ला शिक्षा कार्यालय | १६ | ६२८१५ | ७ | ७५५ | ९ | ३८० | ६१६८० | ० | ६२०६० | ० | ४८५ | ४८५ |
| २ | शैक्षिक तालिम केन्द्र | ३ | ६ | ० | ० | ३ | ६ | ० | ० | ६ | ० | ० | ० |
| ३ | सिंचाई बिकास डिभिजन | १२ | १५६३ | ७ | ० | ५ | ० | १५६३ | ० | १५६३ | ० | ० | ० |
| ४ | डिभिजन सडक कार्यालय | ३८ | १२५५५२ | २२ | ० | १६ | २०६७४ | १८०९५ | ८६७८३ | १२५५५२ | ० | ० | ० |
| ५ | उत्तर दक्षिण कालिगण्डकी लोकमार्ग आ. | १५ | ३५१४६ | ८ | ० | ७ | ० | १२३७ | ३३९०९ | ३५१४६ | ० | ० | ० |
| ६ | सहरी विकास तथा भवन निर्माण डि. का. | २९ | ५८१५१ | १४ | ० | १५ | ३५३५ | ० | ५४६१६ | ५८१५१ | ० | ० | ० |
| ७ | जिल्ला प्रशासन कार्यालय | ९ | ४५७० | ७ | ० | २ | ० | ० | ४५७० | ४५७० | ० | ० | ० |
| ८ | जिल्ला प्रहरी कार्यालय | २ | शैदान्तिक | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ |
| १० | कारागार कार्यालय | १० | ११९ | ५ | ० | ५ | ५४ | ६५ | ० | ११९ | ६ | ० | ६ |
| ११ | जिल्ला स्वास्थ्य कार्यालय | ३१ | १०८३ | २१ | ० | १० | ९० | ९९३ | ० | १०८३ | ० | ० | ० |
| १२ | रामपुर अस्पताल | १७ | ३० | १५ | ० | २ | ३० | ० | ० | ३० | १७ | ० | १७ |
| १३ | जिल्ला प्राविधिक कार्यालय | १८ | १८४२३ | १० | ० | ८ | २११३ | ० | १६३१० | १८४२३ | ० | ० | ० |
| १४ | जिल्ला विकास समिति | २९ | २०१०१ | १४ | ० | १५ | ५८४० | २२५० | १२०११ | २०१०१ | ० | ० | ० |
| १५ | स्थानिय विकास कोषको सचिवालय | ४ | शैदान्तिक | ३ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | जिल्ला कृषी विकास कार्यालय | ११ | १३ | ६ | ० | ५ | १३ | ० | ० | १३ | २८ | ० | २८ |
| १७ | महिला तथा बालबालिका कार्यालय | १३ | १०५३ | १० | ० | ३ | ५७६ | ४७७ | ० | १०५३ | ५ | ० | ५ |
| १८ | चण्डी प्रसाद गण | २ | शैदान्तिक | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| १९ | पाल्पा अस्पताल बिकस समिति | ६ | शैदान्तिक | ३ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| २० | त्रिभुवन ब. क्याम्पस | २२ | ७७८ | १९ | ० | ३ | ११ | ७६७ | ० | ७७८ | २३ | ० | २३ |
| २१ | कोष तथा लेखा नियन्त्रक कार्यालय | १ | १५५४ | ० | ० | १ | ० | ० | १५५४ | १५५४ | ० | ० | ० |
| २२ | मालपोत कार्यालय रामपुर | ४ | ४७७५ | ० | ० | ४ | ५ | ० | ४७७० | ४७७५ | ० | ० | ० |
| २३ | नापी कार्यालय रामपुर | २ | शैद्धान्तिक | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| २४ | मालपोत कार्यालय, तानशेन, पाल्पा | ४ | शैद्धान्तिक | ० | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| २५ | विशेष नापी कार्यालय, तानशेन, पाल्पा | ३ | शैद्धान्तिक | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| २६ | जिल्ला पशुसेवा कार्यालय | २ | शैद्धान्तिक | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| २७ | जिल्ला भुसंरक्षण | ८ | शैद्धान्तिक | ० | ० | ८ | ० | ० | ० | ० | ० | ० | ० |

| क्र.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रिया बाट | जम्मा |
| २८ | जिल्ला बन कर्यालय | ७ | शैद्धान्तिक | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० |
| २९ | जिल्ला तथ्याङ्क कार्यालय | ४ | शैद्धान्तिक | ० | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| ३० | घरेलु तथा साना उद्योग कार्यालय | ३ | शैद्धान्तिक | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| ३१ | खानेपानी तथा सरसफाई डि. कार्यालय | १६ | ३ | ० | ० | १६ | ३ | ० | ० | ३ | ० | ० | ० |
| ३२ | ईलाका प्रशासन कार्यालय रामपुर | १ | शैद्धान्तिक | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ३३ | इलाका प्रहरी कार्यालय रामपुर | २ | शैद्धान्तिक | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ३४ | सुन्तलाजात फलफुल विकास केन्द्र | ३ | शैद्धान्तिक | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **३४७** | **३३५७३५** | १७३ | ७५५ | १७४ | ३३३३० | ८७१२७ | २१४५२३ | ३३४९८० | ८१ | ४८५ | ५६६ |

**द्रष्टव्य :** • *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*

• *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय विवरण | रकम (रु.) | व्यय विवरण | रकम (रु.) |
|---|---|---|---|
| **१. गतवर्षको जिम्मेवारी :** | **८१४५७१६४.७०** | | |
| **२. नेपाल सरकारको अनुदान :** | **५८२१६५६०८.५५** | **केन्द्रीय शिर्षकको खर्च** | **५८२१६५६०८.५५** |
| जिल्ला विकास समिति अनुदान | ५१८९२०९२.१३ | चालु खर्चः | ४९८३५७६४४.१३ |
| गाउं विकास समिति अनुदान | १३७६८६०००.०० | पूजि खर्च : | ८३८०७९६४.४२ |
| केन्द्रीय कार्यक्रम पूजि | ८३८०७९६४.४२ | **कोष तर्फको खर्च** | **१३३६८२५७१.७२** |
| केन्द्रीय कार्यक्रम चालु | ३०८७७९५५२.०० | चालु खर्चः | ८४५६६३२.४६ |
| **३.अन्य श्रोत** | **१३९३९५२९.००** | पूजि खर्च : | २७९९७६६८.०० |
| भारतिय सहयोग | ४८९५७८९.०० | भारतिय सहयोग खर्च | २३१३६४६३.६१ |
| सडकबोर्ड नेपाल | ७१४११८८.०० | सडक बोर्ड तर्फकोखर्च | ३९८३३५९.२९ |
| वि.उर्जा जलबायू परिबर्तन | १६५२६५७.०० | वि.उ.जलबायू परिबर्तन | २६९५०९५.०० |
| पर्यटन बोर्ड नेपाल | २४९८९५.०० | अन्य खर्च | ६७४१३३५३.३६ |
| **४.आन्तरिक श्रोत :** | **५९७१०६३३.६४** | **धरौटी खर्च** | **२०२०८९८.७३** |
| क) कर,दस्तुर,सेवाशुल्क र भाडासमेत | ३१२६५९१३.६७ | **मौज्दातः** | **७१७९२९२८.८२** |
| (ख) राजश्व बाँडफाँटबाट प्राप्त | २८४४४७१९.९७ | | |
| **५. अन्यआन्तरिक विभिन्न कार्यक्रमहरु** | **४९९०६४७२.३०** | | |
| क)प्रकोप ब्यवस्थापन बिशेष कोष | ५२९०००.०० | | |
| ख)सावधिक जिवन बिमा | ८७४००.०० | | |
| ग) कर्मचारी कल्याण कोष | २७२९७९१.०० | | |
| घ)मानव संशाधन विकास कोष | ५०००००.०० | | |
| ङ)मर्मत संभार कोष | २७३३२००.०० | | |
| च)डोजर मर्मत कोष | ०.०० | | |
| छ)महिला तथा बाल विकास कोष | ३५०००००.०० | | |
| ज)जिल्ला वाताबरण कोष | ७५७५२२.०० | | |
| झ)विपत ब्यवस्थापन कोष | ७१.३४ | | |
| ञ)गरिवि निवारण तथा सा.प.कोष | १५०००००.०० | | |
| ट)जि.वि.स. कोष चालु | ८४५६६३२.४६ | | |
| ठ) जि.वि.स.कोष पूजि | २७९९७६६८.०० | | |
| ड)कन्टीन्जेन्सी | १११५१८७.५० | | |
| **६. धरौटी** | **२४८२५९९.६३** | | |
| **जम्मा** | **७८९६६२००७.८२** | **जम्मा** | **७८९६६२००७.८२** |

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | जिल्ला शिक्षा कार्यालय | श्री संगीता रेग्मी | श्री दिवाकर अर्याल |
| २ | शैक्षिक तालिम केन्द्र | श्री यम बहादुर के.सी. | श्री सुरश मान बुद्धाचार्य |
| ३ | सिंचाई बिकास डिभिजन | श्री यादब सिग्देल | श्री लक्ष्मण प्रसाद कोईराला |
| ४ | डिभिजन सडक कार्यालय | श्री बाबुराम सापकोटा | श्री निमलाल भूसाल |
| ५ | उत्तर दक्षिण कालिगण्डकी लोकमार्ग आयोजना | श्री नारायण प्रसाद भण्डारी | श्री राजेन्द्र राज न्यौपान |
| ६ | सहरी विकास तथा भवन निर्माण डि. कार्यालय | श्री रमेश थपलिया | श्री ऋषिराम पाण्डे |
| ७ | जिल्ला प्रशासन कार्यालय | श्री बाबुराम गौतम | श्री भिष्म बहादुर थापा |
| ८ | जिल्ला प्रहरी कार्यालय | श्री हरीराज वाग्ले | श्री रमेश कुमार के.सी. |
| ९ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | श्री सुदिप अधिकारी | श्री श्याम कुमार गौतम |
| १० | ससस्त्र प्रहरी बल गुल्म | श्री अरुण कुमार शर्मा | श्री राम प्रसाद श्रेष्ठ |
| ११ | कारागार कार्यालय | श्री सुजता खत्री | श्री खड्ग बहादुर जि.सी |
| १२ | जिल्ला स्वास्थ्य कार्यालय | श्री उमाशंकर प्रसाद चौधरी | श्री कृष्ण प्रसाद गैरे |
| १३ | रामपुर अस्पताल | श्री डा.सुलभ श्रेष्ठ | श्री तुलसिराम घिमिरे |
| १४ | जिल्ला प्राविधिक कार्यालय | श्री निर्मल कु.प्याकुरेल | श्री चुरा बहादुर सर्तुङ्गी |
| १५ | जिल्ला विकास समिति | श्री राम प्रसाद पाण्डे | श्री खड्ग बहादुर जि.सी. |
| १६ | स्थानिय विकास कोषको सचिवालय | श्री विनोद नेपाल | श्री गिता नेपाल |
| १७ | जिल्ला कृषी विकास कार्यालय | श्री किशोरमान श्रेष्ठ | श्री विनिता गैर |
| १८ | महिला तथा बालबालिका कार्यालय | श्री तुलसा अर्याल | श्री टेकलाल भूर्तेल |
| १९ | चण्डी प्रसाद गण | श्री दीर्घ बहादुर चन्द | श्री कृष्ण बहादुर सुबेदी |
| २० | पाल्पा अस्पताल विकास समिति | श्री उमाकान्त प्रसाद चौधरी | श्री चिरन्जिबी घिमिरे |
| २१ | त्रिभुवन ब. क्याम्पस | श्री जिवन बहादुर थापा | श्री पुष्पा पाण्डे |
| २२ | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री बाशुदेब शर्मा भट्टराई | श्री हुम बहादुर के.सी. |
| २३ | मालपोत कार्यालय, रामपुर | श्री घनश्याम अर्याल | श्री तुल्सीराम घिमिरे |
| २४ | नापी कार्यालय, रामपुर | श्री रामनाथ महतो | श्री तुल्सीराम घिमिरे |
| २५ | मालपोत कार्यालय, तानशेन, पाल्पा | श्री नवराज बराल | श्री चण्डी प्रसाद बस्याल |
| २६ | विशेष नापी कार्यालय, तानशेन, पाल्पा | श्री गंगालाल पोखरेल | श्री चण्डी प्रसाद बस्याल |
| २७ | जिल्ला पशुसेवा कार्यालय | श्री तुल्सीराम भण्डारी | श्री टेकलाल भुर्तेल |
| २८ | जिल्ला भु-संरक्षण | श्री लोकनाथ सापकोटा | श्री बिजय भट्टराई |
| २९ | जिल्ला बन कर्यालय | श्री दधिलाल कडेल | श्री शुसिला पन्थी |
| ३० | जिल्ला तथ्याङ्क कार्यालय | श्री अनिरुद्र प्रसाद उपाध्याय | श्री हेम कुमारी रिंजाली |
| ३१ | घरेलु तथा साना उद्योग कार्यालय | श्री बालकृष्ण गैरे | श्री मिना घिमिरे |
| ३२ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री केशबलाल शाक्य | श्री यदुनाथ नेपाल |
| ३३ | ईलाका प्रशासन कार्यालय रामपुर | श्री रामकृष्ण भण्डारी | श्री झलक प्रसाद आचार्य |
| ३४ | सुन्तलाजात फलफुल विकास केन्द्र | श्री बालगोबिन्द पाठक | श्री टेकलाल भुर्तेल |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np